Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ४४, २०७९ साल जेठ ३१ गते मंगलबार (Jun 14, 2022) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

## यातायात क्षेत्रमा सेन्डिकेट कायमै भएको: व्यवसायीहरूको भनाई

**मोहन कार्की/मिलन लामा**

काठमाडौ । नेपालमा यातायात क्षेत्रमा सेन्डिकेट प्रथाको अन्त्य गरेर सर्वसाधारणको लागि छिटो छरितो र आरामदायी यात्रा गराउने विभिन्न अभियान्तहरुको सपना सपनामा मात्र सिमित हुन पुगेको सधै सार्वजानिक यातायात प्रयोग गन एक यात्रुको भनाई आएको छ ।

सरकार मातहतका निकायहरुले रुट परमिटमा गर्ने गरेको आलटाल कानुनी झन्झट देखायर थोपर्ने नियम, बषौंसम्म झुलाउने प्रबृति र पुराना समितिका पदाधिकारीहरुले प्रा.लि.दर्ता गरेर पुरानै तरिकाले सञ्चालन गरिरहेका रुटम चलिरहेकाहरुलाई रुट परमिट दिने तर अन्य नयाँ थपियका व्यवसायीलाई यातायातको सम्बन्धित निकायले परमिट नदिने जस्ता समस्याका कारण सोही रुटमा सस्तो र छिटो छरितो सेवा दिन्छु भनेर आउने व्यवसायीहरुलाई कानुनी अधिकार नदिएर सर्व साधराण जनताले छिटो छरितो र आरामदायी यात्रा गर्नवाट बञ्चित गराएको आरोप उपभोक्ता अभियान्ता तथा सधै सार्वजानिक यातायातमा यात्रा गर्ने प्रेम बहादुर थापाले लगाएका छन् उनले जन आकाश मिडियाको कार्यलयमा पटक पटक फोन गरेर यस्तो गुनासो गरेका हुन् ।



यसै बिषयमा हामीले साना(ठुला यातायात अनुमति पत्र वितरण गर्ने ललितपुस्थित यातायात व्यवस्था कार्यलय हेर्ने एकान्तकुनाका प्रमुख कार्यकारी अधिकृत मदन पोखेललाई उनकै कार्यलय एकान्तकुनामा गयर उक्त विषयमा सोधेका थियौ उनले जन आकाशसँग कुरा गर्दै भने, " हाम्रो कार्यलयमा म आइसकेपछि कुनै पनि काम ढिलो भएको कतै फाइल अडकेर रहेको वा म आफैवाट त्यस्तो गल्ती भएको भए यो सार्वजानिक कार्यालय हो म भन्दा माथिल्लो निकायमा खबर गर्न सक्ने म भन्दा तलका कर्मचारीले त्यस्तो काही गरेका रहेछन् भने तुरुन्तै एक्सनमा जाने प्रतिवद्धता गर्दै कुनै काम ढिलो नभएको र विभेद भएको बिषयमा गुनासा अहिलेसम्म नआएको उत्तर दिएका छन् । "

यता व्यवसयीहरुलाई हामीले सम्पर्क गर्दा बालाजु बाइसधारा यातायात प्रा.लि.का अध्यक्ष प्रेम बहादुर साहीसँग सम्पर्क गरी तपाईहरुले यातायात क्षेत्रमा कस्तो सुविधा दिइरहनु भएको छ भनि सोध्दा उनले त यातायात व्यवस्था कार्यलय तिनकुनेले हामीले यात्रु चाप भएको रुटमा रुट परमिटको लागि धाएको झण्डै एकबर्ष भन्दा बढी भइसक्यो तर रुट परमिट नै दिदैनन् । बरु तपाइहरुले हामी व्यवसायी अन्यायमा पर्‍यौ अन्यायमा परेका कुरा पत्रकार साथीहरुले राखिदिनु पर्‍यो भनेर उत्तर दिएपछि हामी बालाजु बाइसधारा यातायात प्रा.लि.को कार्यलयमा पुगेर उनको कुराहरु पनि लिएका थियौ उनले भनेका छन् । " हामी त्यतिवेलाको नेपाल सरकार जतिवेला केपी शर्मा ओलीको नेतृत्वमा सरकार थियो र भौतिक तथा यातायात माननीय मन्त्री रधुवीर माहासेठ हुनुहुन्थ्यो उहाले थालेको यातायात सेन्डिकेट विरुद्धको अभियानमा हामीले साथ दिएका थियौ । हामी त्यो भन्दा अगाडी नै

बाँकी ६ पृष्ठमा

## काठमाडौंको नगरसभा असार ५ गते

काठमाडौं । काठमाडौँ महानगरपालिकाको नगर सभा असार ५ गते हुने भएको छ । आइतबार बसेको नगर कार्यपालिका बैठकले २०७९ को स्थानीय तहको निर्वाचनपछि पहिलोपटक नगरसभा बोलाउने निर्णय गरेको हो ।

कार्यपालिका बैठकले नगरसभाको बैठक आह्वान, राजस्व परामर्श समिति गठन, कार्यपालिकाअन्तर्गतका विषयगत समिति गठनलगायतको निर्णय गरेको छ ।

आइतबार विहानको कार्यपालिका बैठकले उपमेयर सुनिता डंगोलको अध्यक्षता स्थानीय राजस्व परामर्श समिति गठन गरेको थियो । समितिको सदस्यहरुमा महानगरका प्रमुख प्रशासकीय अधिकृत लोकनाथ पौड्याल, वडा नं १४ का वडाअध्यक्ष सुमन श्रेष्ठ, कार्यपालिका सदस्य मीना सिंह चयन भएका महानगरपालिकाले जनाएको छ । समितिको सदस्य सचिवमा राजस्व विभागका प्रमुख रहेका छन् ।

उपमेयर डंगोलका अनुसार आइतबार नै राजस्व परामर्श समितिको पहिलो वैठक बसेको छ । समितिमा उद्योग वाणिज्य महासंघ र घरेलु तथा साना उद्योग सम्बन्धी संस्थाका प्रतिनिधिलाई पनि राखिएको छ ।

कार्यपालिका बैठकले गठन गरेको विभिन्न समितिको संयोजकहरुको वैठक पनि आइतबार नै बसेको छ । सुशासन समितिका संयोजक वडा नं २६ का अध्यक्ष ख्यामराज तिवारी, वित्त समितिका वडा नं १५ का अध्यक्ष ईश्वरमान डंगोल, सामाजिक समितिका वडा नं १० का अध्यक्ष रामकुमार केसी, पूर्वाधार समितिका वडा नं १६ का अध्यक्ष मुकुन्द रिजाल, वातावरण समितिका वडा नं १२ का अध्यक्ष बालकृष्ण महर्जन, भवन व्यवस्था समितिका वडा नं ११ का अध्यक्ष हीरालाल तण्डुकार, सम्पदा तथा पर्यटन समितिका वडा नं ८ का अध्यक्ष आशामान संगत, सूचना प्रविधि समितिका वडा नं १७ का अध्यक्ष नविन मानन्धर, शिक्षा र स्वास्थ्य समितिका वडा २२ का अध्यक्ष चिनीकाजी महर्जन, विधायन समितिका वडा २३ का अध्यक्ष मचाराजा महर्जन, राजस्व समितिका वडा ३२ का नवराज पराजुली र

बाँकी ६ पृष्ठमा

## किवानिज क्लब अफ युनिक नेपालद्धारा बालबालिकाहरुलाई सहयोग

काठमाडौं । किवानिज क्लब अफ युनिक नेपालले काठमाडौंको धापासीमा रहेको बालगृहमा सहयोग गरेको छ ।




मुकुन्द ढुंगाना को अध्यक्षतामा रहेको उक्त संस्थाले बालगृहमा रहेका ५० भन्दा बढी बाल बालिकाहरुको लागि स्कुल ब्याग , स्टेसनरी सामान , खाध्यान्नहरु लगायत आवश्यक सामाग्री प्रदान गरेको उल्लेख गरेर पठाइएको छ ।

हाम्रो बाल संरक्षण धरोहर नेपाल नामक संस्थालाई किवानिज क्लब अफ युनिक नेपालले निरन्तर रुपमा सहयोग गर्दै आईरहेको बालगृहको अध्यक्ष बिनिता अर्याल ले उक्त कार्यक्रममा बताएको उल्लेख छ ।

सहयोग हस्तान्तरण कार्यक्रममा संस्थाका अध्यक्ष मुकुन्द ढुंगाना , महासचिव दिपक अधिकारी , समाजसेवी तथा युवा ब्यबसायी आर्यन पुडासैनी , समाजसेवी मन्जु सिंह , कोषध्यक्ष सुमित्रा रन्जित ,आई टि ब्यबसायी द्रोण पराजुली , सारा खवर अनलाइन मिडियाका मिलन कुमार लामा , सामाजिक अभियन्ता डि.बि.पराजुली को उपस्थिति रहेको इमेलमा पठाइएको समाचारमा उल्लेख छ ।

अमेरिका बाट शुरुभएको यो संस्थाले बिशेषगरी बालबालिकाको स्वास्थ्य , शिक्षा र खेलकुद क्षेत्रमा सहयोग गर्दैआएको संस्थाका महासिचव दिपक अधिकारीले बताएकी उल्लेख छ ।

समाजसेवी ब्यबसायी हरुको सहयोग र संस्थाको समन्वयमा मात्र यस्ता कार्यक्रम सम्भव भएको भन्दै संस्थाका अध्यक्ष मुकुन्द ढुंगानाले सम्पुर्ण सहयोगी हातहरुलाई हार्दिक आभार ब्यक्त गर्दै सबै बाल बालिका हरुलाई उज्वल भविश्यको कामना गरेको उल्लेख छ ।

सो बालगृहले बालबालिकाहरुलाई भविष्यमा आत्मनिर्भर बनाउन अहिले देखिनै बिभिन्न किसिमका वाल पेन्टिङ, जुत्ता चप्पल बनाउने लगायतको ट्रेनिङहरु गराउँदै आएको संस्थाको अध्यक्ष बिनिता अर्यालले बोल्ने क्रममा बताएको उल्लेख गरी पठाएका छन् ।

कार्यक्रममा उपस्थित सबैले आवस्यकता अनुसार यस्ता सहयोग गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको र औपचारीक कार्यक्रम संगै त्यहाँ रहेका बालबालिकाहरु

बाँकी ६ पृष्ठमा

## जलबिरे भ्याली क्याम्पसले गर्‍यो जनप्रतिनिधिहरुलाई सम्मान


**दुर्गा श्रेष्ठ**

सिन्धुपाल्चोक । जलबिरे भ्याली क्याम्पसले निवर्तमान जनप्रतिनिधिहरु



लाई सम्मान तथा नवनिर्वाचित जनप्रतिनिधीहरुलाई बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा क्याम्पस सञ्चालन समितिका अध्यक्ष माधब सापकोटा सुबोधले यो क्याम्पस जलबिरेको मात्रै नभई सिंगो सिन्धुपाल्चोकको शैक्षिक धरोहर रहेको बताउँदै गाउँपालिकाले क्याम्पसको स्तर वृद्धिको लागि सबै एकजुट भएर लाग्नु पर्ने बताउनु भयो। कार्यक्रममा निर्वाचित जनप्रतिनिधि हरुलाई बधाई तथा शुभकामना दिदै नेकपा

बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# बोरामा पैशा जम्मा गरेर छोराछोरीलाई विदेश पठाउने चलन कहिले अन्त्य हुन्छ ?

नेपालको पछिल्लो आकाडाले नेपालका प्लस टु पास गरेका विद्यार्थीहरु विदेश जाने चलन हात्तै बढेको छ । यसका कारणहरु खोज्यौ भने धेरै होलान् । तर मुख्य कारण चै अविभावक नै हुन् । आफ्ना छोराछोरीलाई आफ्नै देशमा राख्नुको सट्टा विदेशमा पढ्न पठाउने नाममा भएभरको सम्पति बेचेर त्यसले नपुगेर आफन्त इस्टमित्र भएभरका जो जाहा जे सम्भव छ । उनिहरुसँग पहल गरेर बोरामा पैशा जम्मा गरेर भए पनि विकसित मुलुकमा छोराछोरी पढाउन पठाउने चलन नै बनिसकेको छ । अविभावकहरुको छोराछोरी विदेश पठाउने वित्तिक्कै पैशा कमायर पठाउछ भन्ने सोच हुन्छ । त्यो वास्ताविकता होइन । युवा विद्यार्थीलाई विदेश पठाउन भनेर काठमाडौंको बागबजार, पुतलीसडक, पर्दशनीमार्ग, नयाँवानेश्वर, चावेल चोक, कोटेश्वर,ललितपुरको कुपनडोल, लगनखेल, सातदोवाटो चक्रपथ लगायत ठाउँहरुमा र भक्तपुर सानो ठिमी, जगति, काभ्रेको बनेपा, धुलिखेल सम्म शैक्षिक परामर्शको नामका अर्थात Aducation cansaltance का ठुला ठुला होडिङ बोल्ड झुन्ड्यार खोलिएका कार्यलयहरु देखिन्छ । यि कार्यलयहरु फस्टाएकै छन् । ति कार्यलयहरुमा विहान विहान भरखरैका युवा युवतीहरु कोही जापान, कोही कोरिया, कोही, इरोप, कोही अष्ट्रिेलिया जाने सपना बोकेर बृज कोर्श पढिरेका हुनछन् । कार्यलयको तुलनामा काठमाडौ उपत्यकामा अन्य कार्यलय नै छैनन् जस्तो भान हुन्छ ।

त्यही तयारी गर्दागर्दै झण्डै चार बर्षजति नेपालमा नै वित्छ । त्यो समयमा नेपालमा नै कुनै सीप सिकेर काम थालेको भए नेपालका यी युवापुस्ताले आम्दानी यही पनि गर्न सक्थे । त्यस्तो यहा गरेको देखिदैन । यस्तो अवस्था देशमा कसरी सृर्जना भयो ? प्रश्नहरु उठेका छन् । तर ओठे जवाफ दिनु वाहेक नेपालका सम्बन्धित निकायको कुनै परिणाममुखी काम देखिएका छैनन् ।

किन अकर्षित हुन्छन् त नेपालका युवायुवतिहरु विदेशमा ?

नेपालमा ब्यवहारिक शिक्षा शुरुवाती कक्षाहरुमा हुदैन । त्यसपछि माध्यमिक तह पुरा गर्दासम्म अलिअलि कुन बिषय लियर पढ्ने र भबिष्य बनाउने सोच राखिरहेका हुन्छन् । त्यही मेलोमा कोही कोही विदेश पढ्ने निउमा जाने र उत्तै काम गरेर बस्ने कुराहरु विद्यार्थी विद्यार्थीमा एकाअर्कामा हुने गर्छ । त्यसको वातावरण चै नेपालका विगतमा पढ्न भनेर विदेश गएका अनि उत्तै अन्तराष्ट्रिय इरोप, जापान, कोरिया, भारतका युनिभरसिटीहरुको एजेन्ट बनेर नेपाली विद्यार्थी त्यहा मगाएवापत कमिशन खाने एउटा समुह नै हुन्छ । उस्तै परे उसैले कन्सल्टेन्सी खोलेर ब्यापार समेत गरिहेका हुन्छन् । त्यसको प्रभाव नेपालका विद्यार्थीहरुलाइ आकर्षित गरी तान्ने गरेको छ ।

उनिहरुलाई यस्ता विदेश जाना बाध्य पार्ने नेपालको वातावरण पनि जिम्मेवार छ । नेपालमा २०४६ को परिवर्तन पछि नेपालका उधोग कलकारखाना सवै बन्द गरिका छन् । भने अहिलेसम्म नेपालमा रोजगार सृर्जना हुने खालका कुनै योजनाहरु आएका छैनन् । उनिहरु बाध्य भएर भएभरको सम्पति सकेर विदेश जाने गरेका छन् । जुन पढ्नका लागि उनिहरुले शुरुको एप्लाई देखि अष्ट्रिेलिया जापान, युरोप, अमेरिका पुग्न झण्डै सरदरमा नेपाली रुपैया २० देखि २५ लाँख लागेको रेकर्डले देखाउँछ ।

यो रकम नेपालीहरुको लागि निक्कै ठुलो रकम हो । त्यसमा पनि गएको ६ महिना भित्रमा पढ्दै त्यतै काम खोजेर गर्न सकेको खण्डमा अन्य पैशा नेपालवाट त्यहा पठाउनु पर्दैन तर कतिपय विद्यार्थीले त्यो अवसर नपाएको खण्डमा पुनः ६ महिना पछि फेरी नेपालवाट पैशा पठाएन अविभावकलाई तारन्तार फोन गर्ने गर्छन यता भयभरको पैशा खर्च गरेर पठाएका बाउ आमाको अवस्था कमजोर रहेछ भने त । अत्मिमा पढाई सढाई त्यस्तै हो । विदेशमा नै चन्दा उठायर नेपाल फर्कनुबाहेक अर्को विकल्प हुदैन ।

यस्ता घटनाहरु घट्ने गरेका छन्

अर्को तर्फ नेपालमा यतिवेला अन्तराष्ट्रिय मुद्रा सञ्चितिमा कम आएको छ । त्यो हुनुमा पनि नेपाली विद्यार्थीहरुले लाखौ डलर साटेर विदेश लैजानुपर्दा देशको अर्थतन्त्रमा पनि असर पुऱ्याएको छ । कुनैपनि नेपाली आमा बुबाको चाहाना आफ्ना छोराछोरी टाढा जाउन र पैसाकै लागि मरिहत्ते गरेका हुदैनन् । तर विकल्प नदेखेपछि, नभएपछि उनिहरुले पनि बाध्य भएर पठाएका हुन्छन् । नेपालमा गर्नुपर्ने र भएका कामहरु कसरी गर्ने विद्यालय, विश्वविद्यालयमा पढाईकोस्थर कसरी बढाउने र पढाइ सँगसगै रोजगार सृर्जना कसरी गर्ने जस्ता कामहरु राज्यको तर्फवाट गरेर यस्ता चलनलाई रोक्न सकिन्थ्यो । नेपाली विद्यार्थीलाई आकर्षणयुक्त पठनपाठन र रोजगार गराउने ब्यवस्था अहिलेसम्म भएको छैन । त्यस्ता ब्यवस्थापन नहुनजेलसम्म बोरामा पैशा जम्मा गरेर छोराछोरी विदेश पठाउने काम रोकिने देखिदैन । यस्ता युवा शक्ति विदेश पलायन रोक्न घरघरवाट नै सरकारालाई दवाव दिन थालौ तव मात्र देशको शिक्षा नीति सधारिला र देशका सक्षम जनशक्ति देशमा रहन्छ ।

# बेलायतको कालो चरित्र बोक्ने दक्षिण एशियाको एक मुलुक

**नरेश अमात्य**

संसारमा सूर्य नअस्ताउने मुलुकको नाममा चिनिएको बेलायतको उपनिबेश



विश्व मानचित्रमा दोश्रो महायुद्व अघि जहिँतहिँ देखिन्थ्यो । आज तेहि मुलुकको उपनिबेश कहाँ कहाँ थियो होला भनी थाहा पाउने बेला भई सकेको छ । अबस्था सँधै सबैको एकनास हुँदो रहेनछ । समयले बिद्रोह जन्माउँछ जब अन्याय ,अत्याचार, शोषण , दमन र लाभको कुबितरण हुन थाल्दछ । यही दशा बेलायतले पनि नमिठो भोग्नु पर्यो । एक समय त्जभ न्चभबत द्यचष्तबष्ल भनी हुँकार गुन्जाउने मुलुक आज ग्प् मा सिमित हुन पुगेको छ ।

कसैले अरूलाई कमजोर नबनाई आफु बलवान् बन्न सक्दैन । यो सत्यता व्यक्ति, समाज ,राष्ट्र र संसारमा नै घटिट भई रहेकोछ । समानता ,बराबरि ,निस्वार्थ र बहु जन हिताय भन्ने शब्द किताब र शब्दकोषमा पाइने अक्षरहरू मात्र हुन , अपवादमा बाहेक । व्यबहारमा जहाँ पनि जसको पनि उदेश्य, कार्य र सेवामा स्वार्थ लुकेको हुन्छ । स्वभाव र व्यबहारमा बाहिर जे देख्छौँ भित्र हुँदैन र बाहिर जे देख्दैन भित्र अर्कै नै हुन्छ । निर्मल र कन्चनपना मुश्किलले कसैमा मात्र हुने हो ।

यस्तै कर्तुत बोकेर The East India Co. नामको बेलायतको व्यापारिक संस्थाले भारतिय उपमहाद्विपका वर्तमान India भित्र ५६६ देशहरुलाई उपनिवेश त बनायो नै दास बनाउन पनि छोडेन । आज पनि यसक्षेत्रका मान्छेहरु दासबाट मुक्त भइसकेको ठान्दछ । र आफुलाई India भनाउन गर्व गर्न मात्रै गर्दैनन् मन पराउँछन् पनि । सायद, आफ्नो चिनारीमा गर्व गर्न स्थान नदेखेर नै मालिकले नामाकरण गरेको क्ष्लमष्ब नाम गरेको मुलुकको नामबाट नै राष्ट्रियता झल्काउन खोजेको हुनु पर्दछ ।

साथसाथै बेलायत र बेलायतीहरुको रगत आज पनि उनिहरुमा दौडिरहेको छ भन्ने देखाउन चाहेको होला । नहनु पनि किन India भनाउनु बाहेक अर्को खास पहिचान त उनिहरुमा छैन नि ।

कहिले उनिहरु आफुलाई भारतीय त कहिले हिन्दूस्तानी भन्न पनि बाँकी राख्तैनन् । बास्तवमा भन्ने हो भने यी दुबै मध्ये कुनै एक नामबाट आफ्नो सान राख्ने अधिकार छैन । The East India Company ले शासित याने British India ले सत्ता चलाउनु पहिलेका राज्यहरुमा न भारत भन्ने राज्य थियो न हिन्दुस्तान भन्ने राज्य थियो । यसरी काल्पनिक नामहरु राष्ट्रको राख्न चाहे पनि क्ष्लमष्ब बाहेक अन्य नाम राख्न नसक्नु नै ऐतिहासिक तथ्य नहुनु हो ।

भारतिय महाद्वीपमा वर्तमान क्ष्लमष्ब भित्र रहेका जति देशहरु थिए ती बाहेक अरु देशहरु पनि थिए । यसैले वर्तमान India ले आफ्नो देशको नाम न भारत राख्न हैशियत राख्त सक्छ न हिन्दूस्तान । यसकारण पनि आफुलाई भारतीय भन्ने र भनाउने सान्दर्भिक पनि देखिन्न । हालको India का विभिन्न राज्यहरुमा समेत मध्यपुर्वका मुस्लिम राज्यहरुले कैयौं वर्ष राज्य गरे भने ,British , France र Portugal ले लगभग ३०० वर्ष शासन गर्न भ्याए त्यो पनि दास बनाएर र दोश्रो दर्जाको प्रजा बनाएर । यसको बावजुद पनि यहाँका शासक र जनताहरुले आफुलाई हिन्दुस्तानी वा भारतिय भन्दा पनि Indian भन्न र भनाउन खोज्छन् । के यो हास्यासपद कुरा होइन र ! खाँटी हिन्दुस्तानी त नेपाली हुन् र हिन्दु राज्य पनि नेपाल नै थियो र रहनेछ । नेपाल एकीकरण भइ रहेको अबस्थामा पनि यहाँका शासकहरुले असली हिन्दुस्तान नेपाल हो र हिन्दु धर्मको संरक्षण नेपालले नै गरेको छ भन्ने कुरा प्रस्ट्याई रहेको पाउँछौ । हुन पनि किन नहोस ऋषि मुनिहरु यहिँ नै जन्म भएका छन् । तपोभूमि पनि नेपाल रहेको छ । देवभूमि पनि नेपाल थियो ।

British India British India ( The East India Co. ) ले आफुले दास बनाएको जनताको आन्दोलन र Second World War ले गर्दा थचारिएको आर्थिक स्थितिको कारणले उपनिवेश परित्याग गर्नु पर्ने दिन आउन थाल्यो । ती उपनिवेश राज्यहरु मध्ये एक राज्य वर्तमान ⊠ ⊠ जसलाई नामाकरण गरिएको छ स्वतन्त्रताका लागि आन्दोलनको नेतृत्व गर्नेको हातमा यो मुलुक बेलायत शासकबाट प्राप्त भयो । India भित्र पनि विभिन्न अन्य राज्यहरु थिए । ती राज्यहरु पनि स्वतन्त्र हुनु पर्थ्यो जो स्वतन्त्र हुन चाहान्थे ।

ती राज्यका भूभाग र अन्य मुलुकको भूभाग संधि अनुसार फिर्ता दिनु पर्थ्यो । ती भूभाग पनि आजसम्म बेलायती साम्राज्यवादी , विस्तारवादी एवं अर्ध उपनेशवादी कालो चरित्रको विरासत बोकेका Indian नेताहरु र सरकारमा रहनेहरुले संबन्धित मुलुकलाई स्वतन्त्र रहन दिने र छिमेकी देशका भूभागहरु सधि अनुसार नै फिर्ता दिनु पर्ने थियो ।

गुलाम देशका गुलाम नागरिक भई मालिकद्वारा असह्य पीडा भोगि सकेका छन् , Indian नागरिकहरुले । आज उ आफु मालिक बनि स्वतन्त्र राख्नु पर्ने राज्यहरुलाई आफ्नै अधिनमा राख्ने र यिनलाई आन्तरिक उपनिवेश राज्य बनाएको छ । बल प्रयोग गरेर सिक्किम , काश्मिर ,गोवा र जुनागढ हत्याएको छ ।

यो मुलुकले एउटा प्रजातान्त्रिक मुलुक हुँ भनी गर्व गर्न पट्टक सुहाउँदैन । पूर्वि राज्यहरु जस्तो - नागालैण्ड , त्रिपुरा , मेघालय , आसाम आदि राज्हरु अझ भन्ने हो भने खालिस्तानलाई पनि स्वतन्त्र रहन दिएको छैन । यस्तै नै नेपालको सुगौली संधि पूर्वका भूभागहरु र सुगौली संधिमा साँध छुटि सकेको काली नदि र यसका पूर्वका लिम्पुयाधुरा सहितका भूभागहरु India का शासकहरु जसमा आजसम्म पनि जवर्जस्ति मिचाहापन देखाएर आफ्नो अधिनमा राख्दै आएको छ ।

India मा आज पनि British India कालिन खराब मानसिकता जीवित रहेको पाइन्छ । यिनिहरुले खराब नीति भरिएको आफ्नो सोँचलाई पखाल्न चाहेको छैन । यसतै खराब सोँचले India हरुको दिमागमा वास गरि रहने हो भने ढिलो वा चाँडो India टुक्रिने छ । भारतिय उपमहाद्विपमा न India भनेको देश थियो , न हिन्दूस्तान भन्ने देश थियो , न भारत भन्ने नै । केही दशक भित्र यो मुलुकको अस्तित्व विश्व मानचित्रबाट नामेट हुनेछ । हिन्दूहरुको बाहुल्य भएको India नव देश मात् नेपालका देशभक्त,राष्ट्रवादीको परिचय बनाउनुभएका नरेशलाल अमात्य ७० बर्षको उमेरमा पनि विश्व जगत र इतिहासको तथ्यगत अध्ययन गरेर विश्लेषणसम्म गर्न सक्ने खुवी राख्नुहुन्छ ।

उहाको सन्देशवाट नेपालका नयाँपुस्ताले देश के हो र देशको लागि के गर्नुपर्छ भन्ने बिषयमा अध्ययन गुर्नुपर्ने देखिन्छ ।

# प्रधानमन्त्रीलाई चिठी

**पाठकपत्र**



मिति २०७९।२।२६
प्रधानमन्त्रीको कार्यालय
सिंहदरवार, काठमाडौं
श्रीमान प्रधानमन्त्री ज्यू

**विषय : युवा व्यवस्थापन तथा दिगो विकासको वातावरण तयार गरियोस् भन्ने बारे**

श्रीमान प्रधानमन्त्री ज्यू एकजना व्यक्ति असल बन्दा त्यही व्यक्ति अति गरिवबाट सामान्य नागरिक बन्न ४० वर्ष लागेको मैले अनुभव वटुले यदि देशको सासक असल भई दिए देशमा पूर्ण भक्ति राख्ने, निडर, साहसि र कर्मठ भईदिए म जस्तै नागरिकको जीवनस्थर उकास्न साथै देशको सर्वाङ्गिन विकास गर्न अरु देशको तुलनामा राम्रो देखाउन मात्र १५ वर्ष लाग्ने मैले अहिले महशुस गरिरहेको छु ।

यस कार्यको लागि प्रधान मन्त्रीज्यूलाई यो पत्र लेख्न गई रहेको छु श्रीमान् प्रधान मन्त्री ज्यू म एउटा सामान्य नागरिक देशको सेवा गर्ने रहर हुँदाहुँदै आफ्नै परिवारको पेट पाल्न र सामान्य नागरिकको अवस्थामा पुग्न ३० वर्ष लागेको र मेरो जीवन कालको ६० प्रतिशत समय वितेको अनुभव बटुले

आज देश भयावह परिस्थितिमा हिडेको महशुस मैले गरिरहेको छु श्रीमान प्रधान मन्त्री ज्यू यो पत्रलाई गम्भिर रुपमा लिई दिनु हुन्छ भन्ने विश्वास लिएको छु मेरा अगाडिका बाटामा काँडै कांडा, ठूला ठूला पर्खाल अनि खुकुरीका धार ठडिएर वसेका छन तै पनि पन्छाएर अगाडि बढ्ने कोसिस अझै गरी रहेको छ भविष्य सुन्दर अनि उज्ज्वल छ श्रीमन प्रधान मन्त्री ज्यू अबको बजेटले गाउँ अनि गरिवको उन्नतिको बाटो खुलाओस् यहि बजेट स साना, दिगो विकास र परिणाम मुखि योजनाका लागि प्रयोग गरियोस् यो विवेकि देश प्रेमी नागरिकको सन्देश छ । सम्पूर्ण युवा विदेसिने क्रम वढेको छ, अर्थतन्त्र डामाडोल छ शक्ति र सत्तामा लुछाचुडि छ, शक्ति हातमा लिई महाराजा बन्ने होड चलिरहेको छ यति हुँदाहुँदै पनि मुख्य ठाउँमा असल व्यक्ति पुगेको खण्डमा खुट्टा तान्ने प्रबृति र काम गर्न नदिने सड्यन्त्र चलिरहेको छ । सम्माननीय प्रधानमन्त्री ज्यू म केहि गर्न चाहन्छु मलाई अवसर दिईयोस मेरा लहरका जनहरु देशका कर्णधार भएर अघि बढ्ने कोसिस गर्दै छन् मार्ग प्रसस्त गरियोस् देशका युवालाई परदेश जानबाट रोक्न अनि आफ्नै माटोका लागि पसिना भिजाउने अवसर दिइयोस् यहि देशमा सहज र खुसिपूर्वक बाच्न मार्ग प्रसस्त गरियोस् अवको बजेटलाई सहर मुखि हैन गाउँ मुखि बनाइयोस् वजेटको ८० प्रतिशत भाग गाउँ मुखि बनाईयोस् बजेटबाट गर्ने सम्पूर्ण कार्यमा जिम्मेबार निकायहरु परिचालन गरियोस् देशको सम्पूर्ण शक्ति यहि बजेटमा केन्द्रित गरियोस् विकास समभव छ, प्रधान मन्त्रीज्यू एक वर्षको बजेटले देशमा उथल पुथल ल्याउँछ कमिसनखोर, दलाल र भ्रष्टाचार रहित बनाउन सकियो भने यही कार्यको लागि देशका सम्पूर्ण जिम्मेवार निकायहरु ससक्त रुपमा परिचालन गरियोस् राम्रा काम गर्नेका लागि पुरस्कार र नराम्रा काम गर्नेका लागि दण्ड गरियोस् र नराम्रो काम गर्नेको भण्डाफोर गरियोस् जिम्मेवार पदमा रहेको व्यक्तिका विगत देखि वर्तमान सम्मका सम्पूर्ण सम्पत्तिको लेखा जोखा गरियोस् सम्पूर्ण यो देशका गलत व्यक्तिलाई दण्डित गर्ने वातावरण मिलाईयोस् ताकि अब हुने सम्पूर्ण कार्य सफल अनि अर्थपूर्ण रहन्छ प्रधान मन्त्री ज्यू आजको यो विकराल परिस्थितिमा मेरो यस विचारलाई गम्भिरता पूर्वक लिईयोस्

निवेदक
उहि देश प्रेमी नागरिक
**देवी प्रसाद चौलागाई**
**काभ्रे, सल्ले भुम्लु गा.पा. चौवास-४ हिले**

# नयाँ नेतृत्व, नयाँ जोश

**तुलसी भण्डारी**

> *बिजुली बत्तीबाट बञ्चित सुगम जिल्ला पर्साको दुर्गम गाउँ शिकारीबासमा अबको ६ महिनाभित्र झलमल्ल बत्ती बाल्नेगरी सुदूर पश्चिमको गाउँपालिका ठोरीले पनि तीव्र रूपमा 'एक्सन टिम' बनाइ काम अघि बढाइसकेको छ । 'प्रष्ट विचार र काम'मा मात्र विश्वास गर्ने स्थानीय अनुभवी नेता लालबहादुर श्रेष्ठ ठोरीको नेतृत्वमा पुगेपछि त्यहाँ शिक्षालाई प्रविधिमैत्री बनाउने नीतिअनुसार काम अघि बढाइएको छ । गएको मंगलबार स्थानीय ८ विद्यालयलाई कम्प्युटर र प्रिन्टर नै वितरण गरिएको गाउँपालिका उपाध्यक्ष गोकुली रेग्मी बताउँछिन् । ठोरीमा १२ कक्षासम्म अध्ययन गर्ने सबै विद्यार्थीले 'एक पैसा पनि तिर्न नपर्नेगरी काम सुरु गरिएको' ठोरी गाउँपालिकाका अध्यक्ष श्रेष्ठले जानकारी दिए । नीतिमा नभई व्यवहारमै ठोरीका विद्यार्थीले १२ कक्षासम्म ' अब एक रुपैयाँ पनि तिर्न पर्दैन,' उनी भन्छन्, 'परे गाउँपालिकाले नै तिर्छ ।' जिल्लाको सुदूरपूर्वमा पर्ने वीरगन्ज महानगरपालिका र सुदूर पश्चिममा पर्ने ठोरी गाउँपालिकामा नयाँ नेतृत्वले सक्रिय कार्य सम्पादन थालेजस्तो पर्साका सबै पालिकामा जनप्रतिनिधिले थालेका छन् । १४ पालिका रहेको जिल्लामा पालिका नेतृत्व तहमा २१ वर्षीय वशिष्ट कुमारदेखि राजनीतिमा इमान जवान नगुमाएका पर्सागढी नगरपालिका नगरप्रमुख गोकर्ण पाठकजस्ता व्यक्तिको नेतृत्व पर्सावासीले दोस्रो स्थानीय तह निर्वाचनपछि पाएका छन् । समग्र जिल्लाकै समृद्धि हुने राम्रै आशा र भरोसा योपटक पर्सावासीको छ ।*

दक्षिणमा छिमेकी मुलुक भारत र नेपालको सीमाना मितेरीपुलबाट सुरु हुन्छ( त्रिभुवन राजपथ । यो सडक शंकराचार्य गेट हुँदै र आर्थिक नगरी वीरगन्जको मुटु दुई प्याक पार्दै उत्तरमा बारा पथलैयातर्फ लम्किएको छ । पर्सा सरदमुकाम वीरगन्जमा मुख्य सडकको नामले पनि परिचित छ, यो सडक । भूगोलमा महानगर क्षेत्र परे पनि सडक विभागको दायरामा परेका कारण उसले वीरगन्ज महानगरलाई मर्मत गर्न नदिएको र आफैंले पनि लामो समय मर्मत नगरेको सडक पनि यही नै हो । मर्मत र नयाँ निर्माण पर्खाइमा वर्षौं कुरेर बसेको वीरगन्जभित्रको माइस्थान घण्टाघर सडकखण्डको त्रिभुवन राजपथ अहिले खाल्टारहित बनेको छ । २०७९ को स्थानीय तह निर्वाचनपछि महानगरमा नयाँ जनप्रतिनिधि आएलगत्तै रातदिन नभनी यो सडकले मर्मत हुने अवसर पायो ।

### आखिर गरे के नहुने रहेछ र ?

'निर्वाचित भएर पदभार ग्रहण गरेको २४ घण्टाभित्र देखिने कामको सुरुवात गर्छु' भनी प्रतिबद्धता गरेका वीरगन्जका नवनिर्वाचित महानगर प्रमुख राजेशमान सिंहले पदभार ग्रहण गरेको २४ घण्टामै वर्षौं अलपत्र सडक मर्मत गरेरै देखाइदिएका छन् । कोलोपत्रे भने बाँकी नै छ । कागजी प्रक्रियामा 'केही त्रुटि रहेको' भनिए पनि यो थालनीलाई सकारात्मक कदम मान्नुपर्छ । अहिलेसम्म महानगरका निवर्तमान जनप्रतिनिधिबाट यो काम हुन सकेको थिएन । तर, 'नयाँ नेतृत्व नयाँ जोश' भनेझैं वीरगन्ज महानगरमा नयाँ नेतृत्वसहितका जनप्रतिनिधि आएपछि वर्षौं अलपत्र ठूला नाला मर्मत फटाफट भइरहेका छन् । जितको सम्मान पनि नलिई 'पहिले सय दिन काम गरेर देखाएपछि मात्र सम्मान गर्नु' भनी नगरवासीलाई भनेर सिधैं काममा खटेका महानगर प्रमुख सिंहसहितको टोली अहिले वीरगन्जको फोहर र अव्यवस्थिति सुधार गर्न फिल्डमा उत्रिएको छ । नगरभित्रका सडकपेटी अतिक्रमण हटाइन सुरु भएको छ । महानगरप्रमुख सिंहको सिंगो टोली सार्वजनिक हितका काममा लागिपरेको देखेर नगरवासी पनि दंग छन् ।

बिजुली बत्तीबाट बञ्चित सुगम जिल्ला पर्साको दुर्गम गाउँ शिकारीबासमा अबको ६ महिनाभित्र झलमल्ल बत्ती बाल्नेगरी सुदूर पश्चिमको गाउँपालिका ठोरीले पनि तीव्र रूपमा 'एक्सन टिम' बनाइ काम अघि बढाइसकेको छ । 'प्रष्ट विचार र काम'मा मात्र विश्वास गर्ने स्थानीय अनुभवी नेता लालबहादुर श्रेष्ठ ठोरीको नेतृत्वमा पुगेपछि त्यहाँ शिक्षालाई प्रविधिमैत्री बनाउने नीतिअनुसार काम अघि बढाइएको छ । गएको मंगलबार स्थानीय ८ विद्यालयलाई कम्प्युटर र प्रिन्टर नै वितरण गरिएको गाउँपालिका उपाध्यक्ष गोकुली रेग्मी बताउँछिन् । ठोरीमा १२ कक्षासम्म अध्ययन गर्ने सबै विद्यार्थीले 'एक पैसा पनि तिर्न नपर्नेगरी काम सुरु गरिएको' ठोरी गाउँपालिकाका अध्यक्ष श्रेष्ठले जानकारी दिए । नीतिमा नभई व्यवहारमै ठोरीका विद्यार्थीले १२ कक्षासम्म ' अब एक रुपैयाँ पनि तिर्न पर्दैन,' उनी भन्छन्, 'परे गाउँपालिकाले नै तिर्छ ।' जिल्लाको सुदूरपूर्वमा पर्ने वीरगन्ज महानगरपालिका र सुदूर पश्चिममा पर्ने ठोरी गाउँपालिकामा नयाँ नेतृत्वले सक्रिय कार्य सम्पादन थालेजस्तो पर्साका सबै पालिकामा जनप्रतिनिधिले थालेका छन् ।

१४ पालिका रहेको जिल्लामा पालिका नेतृत्व तहमा २१ वर्षीय वशिष्ट कुमारदेखि राजनीतिमा इमान जवान नगुमाएका पर्सागढी नगरपालिका नगरप्रमुख गोकर्ण पाठकजस्ता व्यक्तिको नेतृत्व पर्सावासीले दोस्रो स्थानीय तह निर्वाचनपछि पाएका छन् । समग्र जिल्लाकै समृद्धि हुने राम्रै आशा र भरोसा योपटक पर्सावासीको छ ।

राजनीतिमा अभिभावक रहे पनि आफूहरू खासै उपस्थित नरहेका पर्सा कालिकामाई गाउँपालिका र जिराभवानी गाउँपालिका अध्यक्ष वशिष्टकुमार र अनोज चौधरीबाहेक अन्य १२ पालिकाका नेतृत्वकर्ता राजनीतिमा राम्रै खारिएका युवा नेता हुन् । नेपाली कांग्रेस जिल्ला सचिव हाँकिसकेका पटेर्वासुगौली गाउँपालिका अध्यक्ष दिनेश चौधरीदेखि पोखरिया नगरपालिका नेतृत्व सम्हाल्न पुगेका संविधान सभा सदस्य प्रद्युमन चौहानसम्म राजनीतिमा राम्रै दखल राख्ने व्यक्ति हुन् । माथिबाट अरुलाई नेतृत्व गर्न सिकाउने व्यक्ति स्वयं यसपटक पर्साका पालिकामा पुग्दा एकअर्काको देखासिकी गरेर पनि सबै पालिकाको समुच्च विकास र समृद्धि हुनेमा पर्सावासी विश्वस्त छन् ।

पर्सा वीरगन्ज महागरपालिका २७ का शम्भु यादव योपटक पालिकाको समृद्धि र विकासमा आन्तरिक प्रतिस्पर्धा नै हुनसक्ने आकलन गर्छन् । निर्वाचनमा उम्मेदवार बन्ने व्यक्ति राजनीतिक समर्पण भएकाभन्दा व्यापारिक पृष्ठभूमि र मालदारलाई पार्टीले खोजी गरे पनि पर्साको सन्दर्भमा यसपटक त्यस्ता व्यक्ति जनताको नजरमा पछि परे । काठमाडौं, धरान, बर्दिवास, जनकपुरजस्ता कतिपय ठाउँमा स्वतन्त्रलाई त्यहाँका जनताले छनोट गरे पनि पर्सामा 'आमाबुबाको राजनीतिक विरासत बोकेका कालिकामाई र जिराभवानीका नेतृत्वकर्ता' बाहेक अन्य नेतृत्वकर्ता राजनीतिक रापतापमा रापिएकै व्यक्ति छन् । अझ पर्सा सखुवाप्रसौनी गाउँपालिका अध्यक्ष यशवन्त यादव, वीरगन्ज महानगरपालिकाका सिंह, मधेस आन्दोलनका 'फ्रन्टलाइनर' नेता हुन् । गएको निर्वाचनमा उनीहरू मालदार उम्मेदवारका कारण पछिपरेका र पारिएका थिए । तर, योपटक भने उनीहरूलाई स्थानीय सरकारको बागडोर सम्हाल्ने ठाउँमा जनताले नै भारी मतले पुऱ्याइदिए ।


पहिलो निर्वाचनमा निर्वाचितमध्ये पर्साका १४ पालिकाका १३ नेतृत्वकर्ता जनताबाट नरुचाइए पनि छिपहरमाई गाउँपालिका अध्यक्ष मनोज गुप्ता भने पुनः यसपटक पनि जनताको रोजाइमा परे । ग्रामीण इलाका भए पनि त्यहाँ गरिएको सडक सञ्जाल र राम्रा कामले नै आफूलाई जनताले अधूरा काम पूरा गर्न पुनः अवसर दिएको अध्यक्ष गुप्ताको विश्वास छ । समाज र राष्ट्र रूपान्तरण गर्न राम्रो सपना देख्ने, काम गर्ने इच्छा शक्ति भएको र सक्रिय नेता भएकाले नै एमालेले पनि अध्यक्ष गुप्तालाई जिल्ला सचिव बनाएको नेता-कार्यकर्ता बताउँछन् ।

यता, पर्सा जगरनाथपु गाउँपालिका अध्यक्ष श्रीकान्त यादवले पनि एमाले नेता तथा पर्साका चर्चित राजनीतिकर्मी जालिम मियाँलाई पछि पार्दै उनको अघिल्लो निर्वाचनको जीतको विरासत तोडिदिए ।

उता, पर्साका तीनमध्ये बहुदरमाई नगरपालिकाका 'मालदार' भनिएका नितेन्द्र साहलाई पछि पार्दै सिंहासन साह विजयी भए । धोविनी गाउँपालिकामा नेपाली कांग्रेसका वशिष्टनारायण कुर्मीलाई पछि पार्दै मदनप्रसाद चौहान निर्वाचित भएका छन् । पर्साका पालिकामा राजनीनितक दलबीचबाट खारिएर गएका व्यक्ति निर्वाचित भएपछि आ-आफ्ना पार्टीको साख जोगाउन पनि उनीहरूले योपटक जनताका काम गर्ने अपेक्षा छ ।

स्थानीय तहलगत्तै प्रदेश र केन्द्र निर्वाचन हिउँदमा हुने भएकाले अहिले पालिका प्रमुख हुनेको प्रस्तुतिले आगामी निर्वाचनमा प्रभाव पार्नसक्ने हुँदा सबै पालिका प्रमुखको कामको गति राम्रो हुने विश्वास बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :


१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :


१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## जि.स.स रामेछापमा कांग्रेस-माओवादी गठबन्धन विजयी

रामेछाप । जिल्ला समन्वय समिति रामेछापको निर्वाचनमा सत्ता गठबन्धनका उम्मेदवार विजयी हुनुभएको छ । आइतबार मन्थलीमा सम्पन्न निर्वाचनमा नेपाली काँग्रेस-नेकपा माओवादी केन्द्रको गठबन्धनको प्यानल नै विजयी भएको हो । आठ वटा स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष गरी १६ जना मतदाता रहेको निर्वाचनमा काँग्रेस र माओवादीले गठबन्धन गरेका थिए भने एमालेका उम्मेदवार एक्लै चुनाव लडेको थियो । प्रमुखमा गठबन्धनबाट काँग्रेसकी चीना खड्का कार्की निर्वाचित हुनुभएको छ । त्यस्तै उपप्रमुखमा नेकपा माओवादी केन्द्रका प्रेमबहादुर थापा निर्वाचित हुनुभएको छ । सदस्यमा नेपाली कांग्रेसका बाबुलाल योन्जन, अनिषा माझी र वीरबहादुर कार्की निर्वाचित हुनुभएको छ । त्यस्तै माओवादीका हीराकुमारी गिरी, डम्बरकुमारी रसाइली, बिन्दा सार्की, बिक्रम थापामगर सदस्यमा निर्वाचित हुनुभएको छ । एमालेको ६ मत रहेकोमा अध्यक्षका उम्मेदवार तुलप्रसाद कँडेल लगायत सबै उम्मेदवारले ६ मत नै पाउनु भएको छ । जिल्ला समन्वय समितिको निर्वाचनमा एक मत हराएपछि गठबन्धनभित्र खैलाबैला भएको छ । कुल १६ मतदातामध्ये गठबन्धनमा काँग्रेसका ७ र माओवादीका ३ गरी १० मतदाता थिए । तर, प्रमुखकी उम्मेदवार चीना खड्का कार्कीले ९ मत मात्रै प्राप्त गर्नुभएको छ । यसपछि गठबन्धनभित्र खैलाबैला सुरु भएको हो । एमालेका तर्फबाट प्रमुखका उम्मेदवार कँडेलसहित सबै सदस्यको ६ मत आएको छ । एमालेको कुल मत नै यति मात्रै हो । तर, गठबन्धनको १० मत हुँदा उपप्रमुख सहित अरु सबै सदस्यले १०/१० मत नै पाएर निर्वाचित हुँदा प्रमुखले भने ९ मत मात्रै प्राप्त गर्नुभएको छ । यस सम्बन्धमा काँग्रेस र माओवादीबीच कसका मतदाताले मत बदर गरे भनेर आरोप प्रत्यारोप सुरु भएको छ । यस विषयमा दुबै पार्टीका नेताले एक अर्कालाई शंका गरिरहदा कार्यकर्ताले भने छानबिनको माग गरेका छन् ।

## संस्कृतिको संरक्षण गर्न नगर प्रमुख न्यौपानेको आग्रह

रामेछाप नगरपालिकाका प्रमुख लवश्री न्यौपानेले रामेछाप साँस्कृतिक कलाकार समाजलाई नगरपालिकाको विभिन्न संस्कृतिको संरक्षण गर्ने खालका कार्यक्रमहरु सन्चालन गर्न आग्रह गर्नुभयो । रामेछाप साँस्कृतिक कलाकार समाज रामेछाप नगरपालिका कार्यसमितिको प्रथम साधारण सभा तथा जनप्रतिनिधि सम्मान कार्यक्रममा बोल्दै उहाँले रामेछाप नगरपालिका विभिन्न जातिय संस्कृतिहरुको फुलबारी रहेको बताउनुभयो । तामाङ, मगर,हायु, माझी, नेवार,सुनुवार जस्ता विभिन्न जातिहरुको आफ्नै संस्कृति रहेको र त्यो संस्कृति संरक्षण हुने खालका काम गर्न रामेछाप साँस्कृतिक कलाकार समाज रामेछाप नगरपालिका कार्यसमितिले काम गर्नुपर्ने उहाँले बताउनुभयो । यसका लागी नगरपालिकाले सहयोग गर्ने नगर प्रमुख न्यौपानेको भनाई छ । रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्कीले रामेछाप साँस्कृतिक कलाकार समाजले स्थानिय कला संस्कृतिको संरक्षण र प्रबर्द्धनमा काम गर्दै आएकोमा खुशी लागेको भन्दै अब आन्तरिक पर्यटनको वृहतर विकासमा पनि काम गर्न अनुरोध गर्नुभयो । रामेछाप साँस्कृतिक कलाकार समाजका संस्थापक अध्यक्ष अमृत सुनुवारको प्रमुख आतिथ्यता र रामेछाप साँस्कृतिक कलाकार समाज रामेछाप नगरपालिका कार्यसमितिका अध्यक्ष नविन पुलामी मगरको सभापतित्वमा कार्यक्रम भएको हो । उक्त कार्यक्रममा रामेछाप साँस्कृतिक कलाकार समाजका अध्यक्ष कुमार कार्की, निवर्तमान अध्यक्ष राम कुमार पौडेल,प्रबक्ता राम कु नेपाली लगायत रामेछाप नगरपालिकामा नवनिर्वाचित जनप्रतिनिधिहरको उपस्थिती रहेको थियो ।

## दुई बिद्यालयका बिद्यार्थीलाई लायन्स रामेछापको न्यानो कपडा

रामेछाप लायन्स क्लबले गोकुलगङ्गा गाउपालिका २ ठोसेको २ बिद्यालय १ सय बिद्यार्थीलाई न्यानो कपडा बितरण गरेको छ । बिहिबार ठोसेको सेती देवी आधारभुत बिद्यालय र बुद्ध संसरी देवी आधारभुत बिद्यालयका ५०/५० बिद्यार्थी गरि १ सय जनालाई एक कार्यक्रममा बिच हस्तान्तरण गरिएको छ ।

लायन्स क्लब ईन्टरनेशनलका पास्ट डिस्ट्रक गभर्नर शम्भु घिमिरेले बिद्यालयमा नै पुगेर न्यानो कपडा बितरण गरेका थिए । कार्यक्रममा मन्थली क्याम्पसका पुर्व क्याम्प्स प्रमुख गुन्ज बहादुर कार्की, नेपाली काङ्ग्रेस प्रदेश क का उपसभापती मुरारी घिमिरे, काङ्ग्रेस गोकुलगङगाका नेता नानीबाबु बस्नेत लगायतको उपस्थिती रहेको थियो । रामेछाप लायन्सले बिगत देखि नै जिल्लाका बिद्यालयमा न्यानो कपडा बितरण, प्राकृतिक प्रकोपमा परेकाहरुलाई राहत बितरण गर्ने लगायतको काम गर्दै आइ रहेको छ ।

## रामेछापका निर्वाचित जनप्रतिनिधिहरु सम्मानित

रामेछाप । लामो समयदेखि मानव अधिकारको क्षेत्रमा वहश, पैरवी, सहजिकरण र सरोकारवाला निकायलाई ध्यानाकर्षण गराउँदै आएको मानव अधिकार संरक्षण सञ्जाल रामेछापले निर्वाचित जनप्रतिनिधिहरुलाई सम्मान गरेको छ। आइतबार जिल्ला सदरमुकाम मन्थलीमा एक कार्यक्रमको आयोजना गरी सञ्जालले दुई नगरपालिका र ६ वटा गाउँपालिकाका प्रमुख र उपप्रमुखहरुलाई बधाई तथा सम्मान गरेको हो। नागरिक समाज पारस्पारिक जवाफदेहिता परियोजनाको सहयोगमा कार्यक्रम भएको हो । बधाई तथा सम्मान ग्रहण गर्दै मन्थली नगरपालिका प्रमुख लब श्रेष्ठले आफूहरु निर्वाचित भैसकेपछि अहिले मन्थली नगरपालिका पहिलो बजेट ल्याउने तयारीमा रहेको बताउनुभयो । उहाँले मानव अधिकार संरक्षण सञ्जाल लगायत जिल्लाको सारोकारवाला निकायसँग पर्याप्त छलफल तथा समन्वय गरेर नीति कार्यक्रम र बजेट बनाइने बताउनुभयो। रामेछाप नगरपालिका प्रमख लवश्री न्यौपानेले सबै वर्ग, सबै सुमदाय, सबै शक्तिलाई समेटेर आगामी वर्षको बजेट ल्याउने बताउनुभयो। उहाँले नगरपालिका अहिले नीति, कार्यक्रम र बजेट निर्माणको चरणमा रहेकाले आवश्यक सहयोग र सुझाव दिन मानव अधिकार संरक्षण सञ्जाललाई आग्रह गर्नुभयो। दोरम्बा सैलुङ गाउँपालिकाका अध्यक्ष मैनकुमार मोक्तानले समृद्ध र समुन्नत गाउँपालिका बनाउने गरी काम गर्ने प्रतिबद्धता जनाउनुभयो । अध्यक्षमा मोक्तानले गाउँपालिकाको सम्पूर्ण टीम नै कसरी हुन्छ गाउँपालिकालाई समृद्ध, समुन्नत बनाउँदै समाजवादको बाटोमा लैजाने योजनाका साथ काम गरिरहेको बताउनुभयो। उमाकुण्ड गाउँपालिका अध्यक्ष शेरबहादुर सुनुवारले यो पार्टी त्यो पार्टी नभनी सहकार्य, सहअस्तित्वको भावनाले जनचाहाना अनुसार गाउँपालिकाको विकासमा लाग्ने बताउनुभयो।

# नेपाल इन्भेष्टमेन्ट बैंक र मेगा बैंकबीच मर्जर सम्झौता

काठमाडौं । देशकै अग्रणी नेपाल इन्भेष्टमेन्ट बैंक र मेगा बैंकबीच मर्जर सम्झौता गरेको छ। शुक्रबार यी दुबै बैंकले स्वाप रेसीयो १००:९० को अनुपातमा मर्जरमा जाने सम्बन्धी एमओयुमा हस्ताक्षर सम्पन्न गरेको मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले पुष्टि गरेका छन् ।

मर्जरको क्रममा दुई बैंकलाई मिलाएर 'नेपाल इन्भेष्टमेन्ट मेगा बैंक नाम राख्ने र स्वाप रेसीयो मेगाको ९० र इन्भेष्मेन्टको १०० अनुपातमा मर्ज गर्ने




सम्झौतामा हस्ताक्षर भएको हो । शुक्रबार अपरान्ह ३:०५ बजेदेखि सुरु भएको मर्जर सम्बन्धी छलफल केहीबेर अघि निष्कर्षमा पुगेको हो । उक्त सम्झौतामा दुवै बैंकका अध्यक्षले हस्ताक्षर गरेका छन् ।

नयाँ बन्ने नेपाल इन्मेष्टमेन्ट मेगा बैंकको प्रमुख कार्यकारी अधिकृत ( सीइओ) ज्योतिप्रकाश पाण्डे, अध्यक्षमा पृथ्वीबहादुर पाण्डे र नायव प्रमुख कार्यकारी अधिकृतमा रबिना देशराज जोशी रहने गरी मर्जर सम्झौता गरिएको छ । हाल नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको चुक्ता पू'जी १८.३१ अर्ब तथा मेगा बैंक लिमिटेडको चुक्ता पू'जी १६.१२ अर्ब रहेकोमा दुबै बैंक एक भएपछि बैंकको चुक्ता पू'जी ३४.४३ अर्ब भै सबैभन्दा बढी चुक्ता पू'जी भएको बैंक बन्नेछ ।

त्यसैगरी हाल नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको जगेडा तथा कोष १४.८२ अर्ब र मेगा बैंक नेपाल लिमिटेडको ५.९२ अर्ब, कर्जा लगानी तर्फ हाल नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको १७३.४६ अर्ब र मेगा बैंक नेपाल लिमिटेडको १५०.४६ अर्ब र निक्षेप तर्फ नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको १८२.०१ अर्ब र मेगा बैंक नेपाल लिमिटेडको १५२.०८ अर्ब रहेको हुँदा मर्जरपछि हरेक क्षेत्रमा सबैभन्दा सबल र ठूलो बैंक हुनेछ ।

दुबै बैंकहरु एक आपसमा गाभिए पश्चात् संस्थाको पूँजी वृद्धि, कार्य क्षेत्र तथा कार्य क्षमतामा अभिवृद्धि हुनुका साथै मुलुकको एक सबल एवम् सक्षम बैंकको रुपमा वित्तीय बजारमा स्थापित भई ग्राहकवर्गलाई थप उत्कृष्ट सेवा तथा सुविधा प्रदान गर्न तथा लगानीकर्ताहरुलाई राम्रो प्रतिफल दिन सक्षम हुने विश्वास र प्रतिवद्धताका साथ यो मर्जर कार्यमा लागेको दुबै बैंकका अध्यक्षज्यूहरुले जानकारी गराउनु भएको थियो ।

वहाँहरुले यो रुपान्तरणकारी प्रयासमा हौसला दिने तथा साथ एवं सहयोग पुऱ्याउने नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित सम्पूर्ण क्षेत्र तथा शुभेच्छुकहरु प्रति हार्दिक आभार गरेका छन् ।

इन्भेष्टमेन्टको प्रतिसेयर आम्दानी १८ रूपैयाँ ४ पैसा, प्रतिसेयर नेटवर्थ १ सय ८० रूपैयाँ छ भने पुंजी बजारमा यसको सेयर २ सय ९९ रूपैयाँमा कारोबार भइरहेको छ। इन्भेष्टमेन्टको खराब कर्जा अनुपात २।२० प्रतिशत छ। त्यस्तै, मेगाको प्रतिसेयर आम्दानी १६ रूपैयाँ ७७ पैसा, प्रतिसेयर नेटवर्थ १ सय ३६ रूपैयाँ छ भने अन्तिम सेयर मूल्य २ सय ३७ रूपैयाँ छ ।

# बैंक अफ काठमाण्डूका ग्राहकहरुलाई अन्नपूर्ण केबलकारमा छुट

काठमाडौ । बैंक अफ काठमाण्डू लिमिटेड र अन्नपूर्ण केबल कार प्रा. लि. बिच बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड क्धष्उभ तथा मोबाइल बैंकिङ्ग बाट




क्यूआर कोड स्क्यान गरी केबल कारको टिकट खरिद पश्चात् भुक्तानी गर्दा बैंकका ग्रहकहरुलाई १० प्रतिशत छुट उपलब्ध गराउने सम्झौता भएको छ ।

उक्त छुटको उपयोग गर्नको लागि ग्राहकहरुले बैंकको कार्ड तथा मोबाइल बैंकिङ्गको प्रयोग गरी भुक्तानी गर्नुपर्नेछ ।

पर्यटकीय नगरी पोखरामा रहेको अन्नपूर्ण केबल कार प्रा.लि. ले देशको आन्तरिक तथा बाह्य पर्यटक वृद्धिमा महत्वपूर्ण योगदान गर्दै आईरहेको छ । हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडले १०१ शाखा कार्यालयहरु, ९२ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहकहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको बैकले उल्लेख गर्ने गरेको छ ।

# गरिमा क्यापिटलको डिम्याट र मेरो शेयर खाता नविकरणमा विशेष योजना

काठमाडौं । गरिमा क्यापिटल लिमिटेडमा डिम्याट र मेरोशेयर खाताखोल्नु भएका सम्पूर्ण ग्राहक महरुले मिति २०७९ आषाढ मसान्त भित्र बक्यौता रकम भुक्तानी गरी उक्त खाता नविकरण गर्न सकिने योजना ल्याएको छ । उक्त योजना

गरिमा क्यापिटल लिमिटेड
GARIMA CAPITAL LIMITED
(A Merchant Banker Licensed by SEBON)

अर्न्तगत यस्तो छ ।

१० वर्षे डिम्याट र मेरोशेयर खाता नविकरण योजना

योजना अन्तर्गत हितग्राहीग्राहकहरुले मात्र रु ९९९।-(अक्षरेपीः नौ सय उनान्सय रुपैंया मात्र) भुक्तान गरी दश (१०)वर्षको लागि हितग्राही र मेरोशेयर खाता नविकरण गर्न सक्नुहुनेछ । यसबाट ग्राहकहरु आगामी दश (१०) वर्षको लागि हितग्राही र मेरोशेयर खाता नविकरण गर्नुपर्ने झन्झटबाट मुक्त हुन सक्नु हुनेछ ।

पाँच वर्षे डिम्याट र मेरोशेयर खातानविकरण योजना

यस योजनाअन्तर्गत हितग्राहीग्राहकहरुले मात्र रु ४९९।-(अक्षरेपीःचार सय उनान्सय रुपैंया मात्र) भुक्तान गरीपाँच (५) वर्षको लागि हितग्राही र मेरोशेयर खाता नविकरण गर्नसक्नु हुनेछ । यसबाट ग्राहकहरु आगामी पाँच (५) वर्षको लागि हितग्राही र मेरोशेयर खाता नविकरण गर्नुपर्ने झन्झटबाट मुक्त हुन सक्नु हुनेछ ।

ग) आजीवन डिम्याट र मेरोशेयर खाता नविकरण योजना

यस योजनाअन्तर्गत हितग्राही ग्राहकहरुले मात्र रु १,९९९।-(अक्षरेपीः एक हजार नौ सय उनान्सय रुपैंया मात्र) भुक्तान गरी आजीवन हितग्राही खाता र मेरोशेयर खाता नविकरण गर्न सक्नु हुनेछ । यसबाट ग्राहकहरु जीवनभर वर्षेनी हितग्राही र मेरोशेयर खाता नविकरण गर्नुपर्ने झन्झटबाट मुक्त हुन सक्नु हुनेछ ।

घ) नियमित एक (१) वर्षे डिम्याट र मेरोशेयर खाता नविकरण योजना

यस योजनाअन्तर्गत हितग्राही ग्राहकहरुले मात्र रु १५०।-(अक्षरेपीः एकसय पचास रुपैंया मात्र) भुक्तान गरी एक (१)वर्षको लागि हितग्राही र मेरोशेयर खाता नविकरण गर्न सक्नुहुने छ ।

साथै, हितग्राही र मेरोशेयर खाता नविकरणमा ग्राहकहरुको सहजताका लागि देहाय बमोजिमका लिंकहरुको व्यवस्थागरिएको छ

१. दश(१०) वर्षे डिम्याट र मेरोशेयर खातानविकरण गर्नको लागि
https://tinyurl.com/24rbw3tb
२. पाँच(५) वर्षेडिम्याट र मेरोशेयर खातानविकरणगर्नको लागि
https://tinyurl.com/24rbw3tb
३. आजीवन (Lifetime)डिम्याट र मेरोशेयर खातानविकरण गर्नको लागि
https://tinyurl.com/24rbw3tb
४. नियमितएक (१)वर्षे डिम्याट र मेरोशेयर खाता नविकरण गर्नको लागि

गरिमा क्यापिटलका नि. प्रमुख कार्यकारी अधिकृत निर्मल भट्टराइले हस्तरक्षर गरी उक्त योजनाको उल्लेख गर्नु भएको छ ।

# मोरङको गछियामा सिभिल बैंकको नयाँ एक्सटेन्सन काउन्टर विस्तार

मोरङ । समृद्धिका लागि सिभिल बैंक भन्ने नाराका साथ अगाडी बढिरहेको सिभिल बैंकले मोरङ जिल्ला, सुन्दर हरैंचा नगरपालिका, वडा नं ३,गछियामा नया' एक्सटेन्सन काउन्टर संचालनमा ल्याएको छ। उक्त एक्सटेन्सन काउन्टरको



उदघाटन राष्ट्रिय सभा सदस्य रमेश जंग रायमाझीले गरेका छन् ।

उक्त एक्सटेन्सन काउन्टरको उद्घाटन समारोहमा प्रमुख अतिथि रमेश जंग रायमाझी, उद्योग संगठन मोरङका उपाध्यक्ष भोलेश्वर दुलाल, सिभिल बैंकका कायम मुकायम प्रमुख संचालन अधिकृत युवराज गुरागाईं, प्रदेश नं. १ का प्रमुख राजेश ढकाल लगायत सो क्षेत्रका राजनैतिक व्यक्तित्वहरु, उद्योगी, व्यवसायी, गन्यमान्य ब्यक्ति, मिडियाकर्मीहरु तथा सर्वसाधरणको उपस्थितिरहेको थियो ।

त्यस क्षेत्रका सेवाग्राहीहरुले बैंकको एक्सटेन्सन काउन्टर मार्फत आफ्नो सम्पूर्ण बैंकिङ कारोबारहरु सजिलैसंग गर्न सक्ने बैकले आयोजना गरेको कार्यक्रममा बताइएको थियो । सात लाखभन्दा बढीग्राहकहरुलाई ११५ शाखाहरु मार्फत सेवा प्रदान गरिरहेको सिभिल बैंकले यस एक्सटेन्सन काउन्टर सहित १२ एक्सटेन्सन काउन्टरहरु स्थापित गरिसकेको छ । साथै बैंकको हालसम्म ९७ एटिएम रहेका छन् । बैंकले हालसम्म करीव रु. ९२ अर्व निक्षेप परिचालन गरी रु. ८७ अर्व भन्दा बढी कर्जा लगानी गरीसकेको बैकले जानकारी दिदै आएको छ ।

# सिद्धार्थ बैंकद्धारा काली मन्दिरलाई ५१ हजार सहयोग

सिद्धार्थ बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत काली मन्दिरको पुर्वाधार विकासका लागि काली मन्दिर व्यवस्थापन समिति विराटनगरलाई एकाउन्न हजार रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ ।

सो सहयोग रकम बैंकका तर्फबाट प्रदेश १ प्रमुख कमल बस्नेतले काली मन्दिर व्यवस्थापन समितिका सभापति डा. मीनाक्षी नेपाल, निवर्तमान सभापति सुदर्शन बहादुर श्रेष्ठ र कोषाध्यक्ष सुवर्णभक्त जोशीलाई संयुक्त रुपमा हस्तान्तरण गर्नुभएको हो ।

उक्त रकम काली मन्दिर व्यवस्थापन समितिले मन्दिरको साजसज्जा तथा सुन्दरता झल्काउने पुर्वाधार निर्माण गर्नका लागि प्रयोग गर्नेछ । धार्मिक महत्व र इतिहास बोकेको उक्त मन्दिरको पुर्वाधार विकासले आन्तरिक पर्यटन प्रर्वद्धनमा मद्दत पुग्ने विश्वास बैंकले लिएको छ । बैंकले शिक्षा, स्वास्थ्य, वातावरण, पर्यटन, सांस्कृतिक सम्पदा, पुर्वाधार र सुरक्षा जस्ता क्षेत्र अन्तर्गत विभिन्न सामाजिक उत्तरदायित्व निर्वाह सम्बन्धि कार्यहरूमा सहभागिता जनाउँदै आएको र आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिदै जाने उद्देश्य बैंकको रहेको छ ।

## अर्थ संसार

# ग्लोबल आइएमई बैंकले अत्याधुनिक नयाँ कर्पोरेट कार्यालय भवन बनाउँदै

ग्लोबल आइएमई बैंक लिमिटेडले काठमाडौंको लाजिम्पाटस्थित उत्तरढोकामा रहेको आफ्नै जग्गामा अत्याधुनिक नयाँ कर्पोरेटकार्यालय भवन




निर्माण गर्ने भएको छ । उक्त भवन निर्माणहेतु भवनको डिजाइज बनाउनेसम्झौतासमेत गरेको छ ।बैंकलेनयाँ कर्पोरेट कार्यालय भवनको आर्किटेक्चुएल, मेकानिकल, विद्युतीय इन्जिनियरिङ्ग लगायत दिगो डिजाइजका लागि डिल्ली बजारस्थित आर्किप्लान एसबिटि प्रा.लि.सँग सम्झौता गरेको छ । उक्त सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र आर्किप्लान एसबिटि प्रा. लि.का प्रमुख आर्किटेक्ट संजय बहादुर थापाबीच हस्ताक्षर भएको हो ।

ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्याउने उद्देश्यले ७६ जिल्लामा बैंकको २८८ शाखा, २६० एटीएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालय समेत गरी करिब ८७५ सेवा केन्द्रबाट २९लाख भन्दा बढि ग्राहकलाई सेवा प्रदान गरिरहेको छ ।

# सूर्या लाइफइन्स्योरेन्सको बागमति प्रदेश स्तरिय विज्नेस बिल्डिङ्ग सेमिनार भव्यताका साथ सम्पन्न

काठमाडौं । सूर्या लाइफइन्स्योरेन्सले बागमति प्रदेश स्तरिय विज्नेस बिल्डिङ्ग सेमिनार एक भव्य समारोहको आयोजना गरी करिब ३०० भन्दा बढी आभिकर्ताहरु माझ सम्पन्न गरेकोछ । बागमति प्रदेश प्रमुख शुशिल चापागाईंको सभपतित्वमा आयोजित उक्त कार्यक्रमको समुद्घाटन कम्पनीका प्रमुख कार्यकारी अधिकृत पवनकुमार खड्काले गर्नु भएको थियो । कम्पनीका बरिष्ठ सहायक महाप्रबन्धक नरोत्तम ढकाल, कामु. सहायक महाप्रबन्धक मेघेन्द्र प्रकाश गिरी, ट्रेनिङ्ग प्रमुख प्रमोद सापकोटालगायत पेशागत अभिकर्ता संघका अध्यक्ष रामबहादुर तामाङ्गको अतिथ्य रहेको थियो ।उक्त कार्यक्रमा जीवनबीमाको अभिन्न अङ्गको रुपमा मानिने बागमति प्रदेशका अभिकर्ताहरुको उत्साहजनक सहभगिता रहेको थियो ।

कार्यक्रममा २०२३ को ⊠ लाई सम्मान गर्दै, चौथो



त्रैमासिकको हालसम्म बागमति प्रदेश अन्तर्गत आफनो व्यक्तिगत कोडमा अधिकतम बिमा शुल्क हसिल गर्न सफल २५ जना अभिकर्ताहरुलाई सम्मान गरिएको थियो । साथै देशैभरीबाट बैशाख महिनाको स्किममा पर्न सफल अभिकर्ताहरुबाट लक्की ड्र गरी ३ जना भाग्यशाली विजेताहरुको घोषणा गरिएको थियो । लक्की ड्रमा भैरहवा शाखाबाट शोभाजिसिले प्रथम पुरस्कार ल्यापटप, दमक शाखाबाट नितु गौतमले द्वितिय पुरस्कार ट्याब्लेट, वालिङ शाखाबाट रंन्जिता बुढाथोकीले तृतिय पुरस्कार मोबाइल जित्न सफल हुनुभएको थियो ।

जीवन बीमा क्षेत्रमा अभिकर्ता पेशालाई थप प्रभावकारी, व्यावसायिकर मर्यादित बनाउने अभियान स्वरुप सूर्या लाइफले मेरो पहिलो पोलिसी अभियान सुरु गरेकोछ । जस अन्तर्गत, अभिकर्ताले हासिल गरेको आफ्नो पहिलो पोलिसीयादगार रहोस भन्ने कामना सहित नयाँ अभिकर्ताहरुलाई सम्मान गरिएको थियो । उक्त भव्य समारोहमा विजेता सम्पुर्णलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत पवनकुमार खड्काले सम्मान गर्नुका साथै प्रमाण पत्र, मायाको चीनो र पुरस्कार वितरण गर्नुभएको थियो ।

बागमति प्रदेश प्रमुख शुशिल चापागाई, बरिष्ठ सहायक महाप्रबन्धक नरोत्तम ढकालले बीमा बजारको हालको अवस्था, चुनौति र समाधानका साथै मार्केटिङ्ग सम्बन्धि तालिमहरु दिनु भएको थियो । प्रमुख कार्यकारी अधिकृत पवनकुमार खड्काले कुनै पनि व्यावसायमा सफल हुन निरन्तरता, धैर्यता र लगनशीलता ३ महत्वपुर्ण मन्त्र रहेको कुरा जानकारी गराउनु भयो । उक्त कार्यक्रमबाट आफुले गरिरहेको भन्दा पृथक मार्केटिङ्ग टेक्निक र ज्ञान हसिल गरेको र यसले आगामी दिनमा व्यवसाय बृद्धिको लागि थप उर्जा र उत्साह मिलेको कुरा त्यहाँ उपस्थित अभिकर्ताहरुले बताउनुभयो ।

# अटो लगानीको ग्यारेन्टी सरकारले गरेमा अटो उद्योग सम्भव छ

**अटो मोवाईल्स एशोसिएसन अफ नेपाल सवारी साधन बिक्री वितरण गर्ने व्यवसायीहरूको संस्था हो । त्यस संस्थाको अध्यक्ष गरिरहनु भएका ध्रुव थापाको यस अङ्कमा उहाँको विचार प्रस्तुत गरेका छौं ।**



## ध्रुव थापा, अध्यक्ष नाडा

***० स्वागत छ जन आकाशमा***

- धन्यवाद ।

***० तपाई निर्वाचित भएर आइसकेपछि भएका प्रगतीको वारेमा बताइदिनुस न ?***

हामीले मुख्य गरेर व्यवसायीका समस्यालाई नै ध्यान दिएर काम गरिरहेका छौं । म अध्यक्ष भइसकेछि अटो सेक्टरमा अफ्ठ्यारा सुचेशन आएका छन् । मार्जिनमा एलसीको व्यवस्था गरियो विद्युतिय सवारी साधनमा ट्याक्स बढाइयो यी यावत कुराहरुको समस्यामा अल्झेका छौ । त्यति हुदाँहुदै पनि हामीले नाडाका सदस्यहरुलाई अपडेट गर्न वेभ साइड बनाउने डिजाइन गर्न सिस्टम बनाइरहेका छौ । आउदै गरेको नाडा एक्सपोलाई सभ्य र भव्य बनाउन लागिपरेका छौं ।

***० हामीसँग तपाइले भन्नुभएको थियो नाडामा ठुला कर्पोरेट व्यवसायीको मात्रै नेतृत्व गर्दा सेन्डिकेट भयो साना व्यवसायीको नेतृत्व भएन भन्नु भएको थियो त्यही एजेन्डाले निर्वाचित पनि हुनुभएको छ । ति साना व्यवसायीका पक्षमा के गर्दै हुनुहुन्छ ?***

त्यो चुनावको बेलामा मैले भनेकै हो साना व्यवसायीहरुको हितमा बढी फोकस हुन्छु भनेर तर याहा नेतृत्व गर्न आईसकेपछि साना ठुला व्यवसायीलाई समान व्यवहार गर्नुपर्छ तर साना भनेर विगतमा ओझेलमा परेका त्यस्तो असहज नहुने गरी समान व्यवहार र उनिहरुको समस्या प्रथामिकतामा राखेर काम गर्ने गरेका छौ । नीतिगत रुपमा नाडामा आवद्ध सवै व्यवसायीहरुलाई समान व्यवहार छ । सबैको पहुँच नाडामा पुगोस् भन्सारमा हुने समस्या साना-ठुला सवैको समस्या सावधान गर्ने प्र्यास गरिराखेका छौ । कतिपय नीतिगत त कतिपय चीनजानको आधारमा व्यवहारिक पक्षमासमेत काम गरेर भएपनि व्यवसायीको मर्का फुकाउने काम भइरहेको छ ।

***० नेपालमा जतिपनि भेहिकल छन् ति सवै डिजेल पेट्रोलवाट चल्छन् । अहिले नेपालमा पेट्रोलको मुल्य निक्कै महगो छ । पेट्रोल डिजेल विकल्पको रुपमा चल्ने इलेक्ट्रीक सवारी साधनको नाडाले के पहल गरिराखेको छ ?***

भेहिकल इलेक्ट्रीक पनि हाम्रो नै हुन् पेट्रोल, डिजेलवाट चल्ने पनि हामीले नै व्यवसाय गर्ने हो । पहिलो डिजेल पेट्रोलवाट चल्ने बढी थिए भने अहिले इलेक्ट्रीकहरु आउन थालेका छन् । डिजेल र पेट्रोलको विकल्प हाम्रो देशमा जलस्रोतको अथाह भण्डार छ त्यसको सदुपयोग गरेर इलेक्ट्रीक भेहिकलहरुमा जानुपर्छ भनेर धेरै बर्ष अगाडी देखि सराकारलाई इलेक्ट्रीकमा जानुपर्छ भनेर सुझाव दिइसकेको छ । संसार विधुतवाट चल्ने सवारी साधनमा जाने हामी चै पेट्रोल डिजेलवाट चल्ने सवारी साधनमा रहदा हामी पछडी पर्ने सम्भावना रहन्छ भनेर म अध्यक्ष भइसकेपछि पनि सुझाव दिएका छौ । त्यसमा सरकार पनि फोकस भएको छ । तर अस्थिर खालको नीति त्यहा देखिन्छ । त्यही इलेक्ट्रीक भेहिकलमा २ बर्षमा तीनपटकसम्म भन्सारदर तलमाथि भएको छ । कहिले बढाइन्छ, घटाइन्छ फेरी बढाइन्छ यस्तो खालको छ । अहिलेको बजेटमा हेर्नुहोस १०० किलोवाट भन्दा माथिका र २०० सिसि माथिका सवारी साधनमा कर बढाउको हुनाले नाडाले त्यसमा विरोध समेत गरिसकेको छ ।

***० सरकारले प्रथामिकता राखेको र व्यवसायीले सुझाव देइसकेको भएपनि डिजेल, पेट्रोलवाट चल्ने सवारी साधन नै छन् किन ?***

आजको भोली नै कुनै पनि काम हुदैनन् । अर्को सरकारको प्रष्ट नीति दिर्धकालीन नीति माथि पनि मैले उल्लेख गरिसके इलेक्ट्रीक भेहिकलमा जाने भन्छ । कर बढाउछ त्सैको असर पनि याहा पनि परेको छ । ईलेक्ट्रीक भरखर शुरु भएका छन् । आउदो १०, १२ बर्षमा सवै विधुतिय सम्भव पनि होलान् । तर विकल्प नहुनजेलसम्मको लागि त अहिले भइराखेकै प्रयोग गर्नुपर्‍यो ।

अर्को संसारकै सवैभन्दा महगोमा नेपालमै छ । त्यो हुनुको कारण नेपालको ट्याक्स १५० देखि २०० प्रतिशतसम्म छ । दुइपाङग्रेहोस् वा चारपाङग्रे नेपालीहरुले महगोमा किनेर सुविधा लिएका छन् । ट्याक्स घटाउनुपर्छ हाम्रो छिमेकी मुलुक भारत र चीनका नागरिकभन्दा हामी ५ गुना बढी मुल्य तिरेर सवारी साधन किन्नुपर्ने बाध्यता छ । त्यो बाध्यतालाई कम गर्नुपर्छ ।

त्यसैले तत्कालै विद्युतिय सवारी साधन विकल्पको रुपमा आएको खण्डमा त्यो गर्नुपर्छ तर आजको भोलि नत कम्पनीले उपलब्ध गराउन सक्छ, नत हामीले नै बनाउन सक्छौं । त्यसैले ग्यास,डिजेलका गाडीहरु सवै नागरिकले सहज र सस्तोमा पाउन ट्याक्सको सम्बन्धमा सरकारले पुन:विचार गर्नुपर्छ ।

***व्यवसायीहरु धेरै कर भयो भनेर भन्दै आएका छन् । हाम्रै देशमा सवारी साधन निर्माण गर्ने कतिको सम्भव छ ?***

यस सम्बन्धमा हामीले धेरैबर्ष अगाडी नै छलफल राख्दै आएका छौ । म निर्वाचित भएर आइसकेपछि झनै प्रथामिकता दिएर एसेम्वल गर्नुपर्छ भनि नेपालमै पहिलो पटक मेरो योजना अनुसार विधुतिय सवारी साधन एसेम्वल कमिटी भनेर फोरव्हीलरको छुट्टै टुव्हीलरको छुट्टै कामहरु गर्नेगरी कामहरु भइरहेका छन् । यो भन्दा अगाडी थिएन । नाडाले यसलाई कति प्रथामिकता राखेको रहेछ भन्ने कुरा याहावाट पनि स्वतसिद्ध हुन्छ ।

विभिन्न सुझाव सरकारलाई दिने कामहरु साथै बजेटको लागि सुझाव सरकारले माग्दाखेरी हामीले प्रथामिकतामा राखेर नेपालमै विधुतिय सवारी साधन उत्पादन हुनसक्ने सम्भावनाहरु छन् । किनभने यहाँको मार्केट पनि ठुलो भइसकेको छ । तर उधोगमैत्री स्थाई नीति सरकारवाट आउनुपर्‍यो भनेर सुझाव राखेका छौं । त्यही हाम्रो सुझाव अनुसार नै अहिले २०७९-८० को बजेटमा समावेस भएको छ ।

त्यसवाट हामी खुशी छौं । तर हामीलाई डर के छ भने विद्युतिय सवारी साधनमा जुनसुकै नेपालमा पोलिसी लगट्रम हुनुपर्छ भन्न खोजेको के हो भने अहिले एयटा सरकार आउदा एक खालको नीति भोलि अर्को आउँदा अर्को खालको नीति यसरी बर्षपिछे फरक फरक नीति आयो भने हामीले नेपालमा नै अटो उधोग, व्यापारको माध्यमवाट कल्पना गरेको लक्ष्य प्राप्त हुदैन । त्यस्तो फरक फरक नीति आयो भने अरबौ अरब लगानी गर्न अप्ठ्यारो हुन्छ । यस्ता समस्या आउन नदिइकन ठुला - साना एसेम्वल हुन वा पलान्ट स्थापना गर्ने व्यवसायीहरुलाई लगानीको ग्यारेन्टी गर्ने र १० बर्षभन्दा माथिको दिर्धकालीन नीति निर्माण गरेर विश्वसनीय वातावरण बनाइदिनुपर्छ त्यसो भयोभने नेपालमा पनि एसेम्वल पलान्टहरु सम्भव छन् ।

केही एसेम्वलहरु सुरु पनि भइसकेका छन् । विगतमा दुईवटा त दुईतिन बर्ष अगाडी देखि नै खुलिसकेका छन् । टु व्हीलरका केही एसेम्वल तयारी अवस्थामा छन् । फोर व्हीलरको एसेम्वलहरु पनि नेपालमा ल्याउने सम्भावना छ । त्यसको लागि व्यवसायीहरु तयारी अवस्थामा छन् । अस्थिर नीति चै हुनुभएन भन्ने हाम्रो धारणा छ ।

***० मैले नेपालमा भेहिकल उधोगको लागि यो भन्दा अगाडीका पुर्व अध्यक्ष, निवर्तमान अध्यक्षहरुसँग पनि सोधेको थिए । केही काम पनि भएका रहेछन् तपाइको भनाइवाट पनि आयो त्यो भन्दा ठुलो लगानी गरेर नेपालमै गाडी उत्पादन गरेर मेड इन नेपालको गाडी चढेर सानका साथ हिड्न पाउने सम्भावना कतिको छ ?***

मेड इन नेपाल भन्ने विषयमा के छ भने भेहिकलमा हन्ड्रेड पसेन्ट भन्ने हुदैन अमेरिकामा होस् वा चीनमा जाहासुकै पार्टस, एसेम्वलहरु फरक फरक देशमा उत्पादन हुन्छन् । चाइनामा यति धेरै उधोगहरु छन् । सवै नै आफैले उत्पादन गर्न सकेको छैन । बाहिरवाट नै केही न केही आयात गर्छ । भन्न खोजेको चाइनाले पनि हिजोको दिनमा टु व्हीलर फोर व्हीलरवाट एसेम्वल शुरु गरेर आज त्यो अवस्थामा विकास गरेको छ । त्यस्तै नेपालले पनि विस्तारै टु व्हीलर फोर व्हीलर शुरु गर्दै ८, १० बर्ष अझै नहोला तर शुरु गरेपछि हुनत हुन्छ नी अहिले पनि अन्तवाट याहा ल्याएर जोड्ने काम त भएकै छ । तार, टायर, व्याट्री, केही केही पार्टस उत्पादन भइरहेका छन् ।

तिनीहरुलाई उत्पादन बढाएर निर्यात गर्न सक्ने सम्मको बनाउनु पर्छ । तिनै कम्पनीहरु र त्यसँग रिलेटिभ कम्पनी नेपालमा खुल्नुपर्छ सवै सामान नेपलमा बनेर तयार भएपछि बल्ल तपाईले भनेको मेड इन नेपालको गाडीमा चढेर सानका साथ हिड्न सक्नुहुन्छ । आशा गरु केही सानै भएपनि शुरुवात भएका छन् । सरकारले पनि प्रमोट गर्ने नीति लिएको छ । नाडाले पनि उधोग खोल्न फोकस गरेर जाने छलफल गरेका छौं ।

त्यसमा एउटा डर छ । हिजो हुलास मोटर्सले उत्पादन गरेको मुस्ताङ गाडी फेल भएको ब्याड एस्पीरिन्सले त्यत्रो ठुलो लगानी गरेर लगभग सवै पाटपुर्जा धेर जति नेपालमा नै उत्पादन हुन्थ्यो इन्जिन र बक्स मात्रै बाहिरवाट इम्पोर्ट गर्नुपर्थ्यो त्यो नेपालको उधोगलाई नेपालकै सरकारको पोलिसीले बन्द गराइदियो । अहिले पनि व्यवसायीहरु झस्किनछन् । अहिले एउटा सरकार आउदा सहज बनाइदिने भोलि अर्को सरकार आउदा थेग्न नसक्ने गरी ट्याक्स लगाईदिने विदेशवाट किनेका भन्दा नेपालमा उत्पादन भएका सवारी महगो पर्न गयो भने कसरी उधोग टिक्छ । अटो उधोगमा गरेको लगानीको ग्यारेन्टी सरकारले नगरेसम्म टु व्हीलरको एसेम्वल सम्भव भएपनि फोर व्हीलरको बन्दैन की भन्ने डर छ ।

***० प्रसंङग बदले तपाई आफै व्यवसायी नाडाको अध्यक्ष पनि हुनुहुन्छ, व्यवसाय पनि गरिरहनु भएको छ समय कसरी मिलाउनु भएको छ ?***

म त्यति मात्र नभएर लाइन्स क्लव लगायत झण्डै एक दर्जन संघ, संस्थामा पनि छु । टाइम भनेको व्यवस्थापन गर्न जान्नु पर्दोरहेछ । टाइम मेनेजमेन्ट गर्न जानेन भने अस्त व्यस्त हुन्छ म टाइमलाई व्यवस्थापन गर्न सक्छु ।

***० यो नाडा आफैमा गरिमा बनाइसकेको संस्था यसले गरेका राम्रो काम भन्दा आहा मेरो कार्यकालमा यस्तो गरे भने के काम सोच्नु भएको छ ?***

सप्राइज खालकै काम मेरो कार्यकालमा हुन्छ । हुदैछ । भएपछि तपाईहरुलाई थाहा भइनै हाल्छ । एउटा भनाइ नै छ नि काम चै गरिसकेपछि मात्रै देखाउने हो । गर्नुभन्दा अगाडी देखाउने होइन रे त्यो तयारीमा म र मेरो टिम लागिरहेका छौ ।

यो समयमा यस्तो ट्रेनर भएको थियो भनेर सम्झना लायक हुन्छ । नाडाको उचाइलाई अझ धेरै माथि लैजानुपर्ने छ । विगतमा नाडालाई वेवास्था गर्ने गरेका थिए सरकारी निकायहरुले अहिले सहज रुपमा अगडी बढेको छ । नाडा प्रति हेर्ने दृष्टिकोणमा परिवर्तन नै आएको छ । तपाईहरुले पनि महसुस गर्नु भएकै छ ।

संस्थाको गरिमा सँगसँगै संस्थामा आवद्ध व्यवसायीहरुको समुन्नती गराउनुपर्ने छ । देशभरी नाडाका संघ, संस्था खुल्ने गरेका छन् । नाडामा डारेक्ट सदस्यता हुनुपर्छ भन्ने कुराहरु आइराखेका छन् । त्यसलाई अट्याच गर्दै प्रदेशमै उनिहरुलाई राखेर नाडा सागाठानिक रुपमा महासंघको ढाचामा लैजान हामी लागिराखेका छौ । नाडा क्षेत्रको एकमात्र आधिकारिक साझा संस्था हो भन्ने बनाउन हामी जुटेका छौ ।

***० अन्तमा***

विगतमा जसरी अटोमोवाइल्सलाई विलासिताको साधनको रुपमा लिइन्थ्यो आज अटोमोवाइल्स साधारण नागरिकलाई पनि अनिवार्य सेवा लिने साधन भइसकेको छ । अटो मोवाइल्स नभए बाँच्न चै सकिन्छ । तर जीवन यापन गर्न चै सकिदैन । त्यसकारण विश्वका मानिसहरुले सवारी साधनको सेवा लिइराखेका छन् । तुलनात्मक रुपमा नेपाल बाहेकका नागरिकले सस्तोमा उपभोग गर्न पाएका छन् । नेपालमा पनि त्यस्तै सर्व सुलभमा सेवा लिन पाउन भन्ने मेरो धारणा छ । त्यसमा सरकारले करमा सहजीकरण गर्नुपर्छ । हामी त व्यवसायी हौ सस्तोमा किनेर ल्याएको वेला सस्तोमा बेच्छौं । महगोमा ल्याएको वेला महगोमा बेच्छौं । भन्सार, करमा छुट दिएमा त्यसमा घटेको मुल्य घटाएर हामी उपभोक्तालाई सस्तोमा सवारी साधन दिन्छौ र सवैले सर्व सुलभमा सवारी साधन उपयोग गर्न पाउछन् । भन्ने मलाई लाग्छ ।

साथै यस जन आकाश साप्ताहिकले मलाई आफ्ना भनाई राख्न दिई आम नागरिकमा मेरो धारणा पुर्‍याउने अवसर दिएकोमा धन्यवाद व्यक्त गर्दछु ।

# खेलकुद

## फाप्ला रङ्गशाला विकास समितिका अध्यक्ष शाहीलाई नियुक्ति पत्र हस्तान्तरण

काठमाण्डौ । युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान एवम् खेलग्राम पूर्वाधार निर्माण विकास समितिको अध्यक्षमा नियुक्त सुवास शाहीलाई नियुक्ति पत्र हस्तान्तरण गर्नुभएको छ । आज बुधवार खेलकुदमन्त्री गहतराजले शाहीलाई नियुक्ति पत्र हस्तान्तरण गर्नुभएको हो ।

मन्त्रिपरिषद्को सोमवार बसेको बैठकले शाहीलाई अध्यक्ष र कल्पना दियाकोटीलाई सदस्य पदमा मनोनीत गर्ने निर्णय गरेको थियो । कार्यक्रममा



मन्त्री गहतराजले फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान नेपाली खेलकुदकै 'ड्रिम प्रोजेक्ट' भएकाले राम्रोसँग जिम्मेवारी बहन गर्न आग्रह गर्नुभयो ।

उहाँले यस रङ्गशाला निर्माणका लागि सबै राजनीतिक दलको सहयोग लिन अध्यक्ष शाहीलाई सुझाव दिँदै प्रदेश सरकारलाई यो रङ्गशाला निर्माणका लागि उपयुक्त रकम छुट्याउन आग्रहसमेत गर्नुभयो ।

नियुक्त पत्र बुझ्दै अध्यक्ष शाहीले निर्धारित समयमा रङ्गशाला र खेलग्राम निर्माणको काम सम्पन्न गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले आउँदो तीन वर्षभित्र अन्तर्राष्ट्रिय रङ्गशालाको निर्माण पूरा गरी सरकारलाई हस्तान्तरण गर्ने बताउनुभयो ।

राष्ट्रिय प्राथमिकताको फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान निर्माण सुरु गर्नका लागि सरकारले फाप्ला क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति आदेश २०७९ जारी गरेको थियो । सरकारले गएको वैशाख २६ गते 'फाप्ला क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति आदेश २०७९' राजपत्रमा प्रकाशित गरेको थियो । त्यो आदेशअनुसार दुई जना मनोनीत र बाँकी सात जना पदेन सदस्य रहने व्यवस्था छ । त्यस समितिलाई सोमवार बसेको मन्त्रिपरिषद्ले पूर्णता दिएको हो ।

धनगढी मुख्य चौराहादेखि पाँच किलोमिटर उत्तर-पश्चिममा रहेको फाप्ला क्षेत्रको साढे ३८ बिघा क्षेत्रफलमा सरकारले फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान र खेलग्राम निर्माण गर्ने यसअघि नै टुङ्गो लगाइसकेको थियो ।

शाहीको नेतृत्वमा सन् २०१५ देखि नै फाप्लामा अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण अभियान छेडिएको थियो । गौचरणका रूपमा रहेको फाप्लालाई शाहीले स्तरोन्नति गर्दै सुरुमा स्थानीय लिगहरू सञ्चालन गर्नुभएको थियो । नेपालको पहिलो फ्रेन्चाइज लिग क्रिकेटका रूपमा धनगढी प्रिमियर लिग (डीपीएल) को आयोजना शाहीले फाप्लामै गराएपछि भने यसले राष्ट्रियरूपमै चर्चा पाएको थियो ।

## भारतीय क्रिकेटर मिथालीद्वारा सन्न्यासको घोषणा

काठमाण्डौ । भारतीय महिला क्रिकेट टिमकी पूर्वकप्तान मिथाली राजले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यासको घोषणा गरेकी छिन् । ट्विटरमा एक विज्ञप्तिमार्फत उनले समर्थकहरूलाई उनीहरूको मायाका लागि धन्यवाद भनेकी छिन् । २३ वर्ष लामो अन्तर्राष्ट्रिय क्रिकेट करियरमा मिथालीले १२ टेस्ट, दुई सय ३२ एकदिवसीय अन्तर्राष्ट्रिय र ८९ टी-२० अन्तर्राष्ट्रिय खेलेकी छिन् । ३९ वर्षीया मिथालीले ६ पटक एकदिवसीय विश्व कप खेलेकी छिन् । सन् २००५ को विश्व कपमा मिथालीले पहिलो पटक टिमको नेतृत्व गरेकी थिइन् र भारत उपविजेता बनेको थियो । महिला क्रिकेटमा 'सचिन तेन्दुलकर' भनेर चिनिने मिथालीको विश्व कप जित्ने सपना भने अधुरै रह्यो ।



मिथालीलाई सन् २००३ मा अर्जुन पुरस्कार र सन् २०१७ मा विजडन लिडिङ वुमन क्रिकेटर इन द वर्ल्ड अवार्ड प्रदान गरिएको थियो । यस्तै उनलाई सन् २०१५ मा पद्म श्री र सन् २०२१ मा खेल रत्न पुरस्कार प्रदान गरिएको थियो ।

## नेशन्स लिगमा स्पेन र स्विट्जरल्याण्ड विजयी

काठमाडौं । युएफा नेशन्स लिग फुटबलमा स्पेनले चेक रिपब्लिकलाई २-० ले पराजित गरेको छ ।

स्पेनको मालागामा आइतबार राति भएको खेलमा घरेलु टोलीलाई विजयी गराउन कार्लोस सोलर र पाब्लो साराबियाले एक एक गोल गरेका थिए। जितसँगै स्पेनले नेशन्स लिगको समूह ए-२ मा अग्रता लिएको छ ।

स्पेनको ४ खेलबाट ८ अंक भएको छ । समान खेलबाट ७ अंक जोडेको पोर्चुगल दोस्रो स्थानमा रहेको छ । आइतबार रातिको खेलमा पोर्चुगललाई स्विट्जरल्यण्डले १-० ले पराजित गरेको हो । स्विट्जरल्याण्डको जेनेभामा भएको खेलमा घरेलु टोलीलाई विजयी गराउन ह्यारिस सेफेरोभिचले निर्णायक गोल गरेका थिए । युएफा नेसन्स लिगकै अन्य खेलहरुमा नर्वेले स्विडेनलाई ३-२ ले पराजित गर्दा ग्रिसले कोसोभोलाई २-० ले तथा नर्थ मेसेडोनियाले जिब्रल्टारलाई ४-० ले पराजित गराएका छन् ।

## काठमाडौं....

विपद् व्यवस्थापन समितिका संयोजक वडा ३ का अध्यक्ष प्रेम थापाको संयुक्त वैठक बसेका मेयर बालेन साहको सचिवालयले जानकारी दिएको छ ।

संयोजकहरुको वैठकमा समितिले गर्नुपर्ने काम र वर्तमान अवस्थाबारे छलफल भएको सचिवालयले जानकारी दिएको छ ।

## किवानिज......

संग विदेशी सस्कृति अनुसार केक काटेर रमाइलो गरिएको उल्लेख छ ।

## जलविरे.......

माओवादी केन्द्रका केन्द्रीय सदस्य क्याम्पस सञ्चालन समितिका अध्यक्ष माधव सापकोटा सुबोधले आगामि ५ बर्षे कार्यकालमा जनताको पक्षमा रहेर काम गर्न सुझाव दिए ।

कार्यक्रममा सापकोटाले जनताले विस्वासका साथ जनप्रतिनिधि चुनेकाले कसैको पक्ष वा विपक्षमा नभई सम्पुर्ण नागरिकका आवश्यकताको पहिचान गरि सर्वपक्षीय काम गर्नुपर्नेमा अग्रसर बन्न निर्वाचित जनप्रतिनिधिहरुलाई सुझाव दिए । जलबिरे झ्याली क्याम्पसलाई नमूना ,गुणस्तरीय शिक्षा बनाउनको लागि बलेफि ,जुगल गाउँपालिका , चौतारा साँगाचोकगडी नगरपालिकाले सक्ने सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उक्त कार्यक्रममा चौतारा साँगाचोकगडी नगरपालिका का मेयर कृष्ण प्रसाद सापकोटा

(देश बन्दु), उपमेयर सिता थापा, बलेफी गाउँपालिकाका अध्यक्ष गंगा वहादुर तामाङ (प्रवेश), जुगल गाउँपालिका अध्यक्ष रेशम स्याङ्बो, वडा अध्यक्षहरुलाई सम्मान गरेका छन्।

## नयाँ.....

गरिएको छ । पोखरिया, पर्सागढी दुई नगरपालिकासहित ठोरी गाउँपालिका, छिपहरमाई गाउँपालिका र सखुवा प्रसौनी गाउँपालिका गरी पर्साका १४ मध्ये एमाले पाँच पालिकाको नेतृत्व हात पारी ठूलो पार्टी साबित भएको छ ।

तथापि, मधेस प्रदेशकै एकमात्र वीरगन्ज महानगरपालिकासहित बहुदरमाई नगरपालिका, धोविनी गाउँपालिका र कालिकामाई गरी जसपाले पनि चार पालिकामा पकड जमाउन सफल भएको छ ।

कांग्रेसले जसपाले जति नै अर्थात् जगरनाथपुर, जिराभवानी, पटेर्वा सुगौली र पकाहामैनपुरमा आफ्नो नेतृत्व हात पारी जसपा र कांग्रेस पालिका नेतृत्वका सवालमा दोस्रो नम्बरमा रहन सफल भएका छन् । कुल जिल्लाका सबै निर्वाचित जनप्रतिनिधिमा भने कांग्रेस पहिलो र एमाले दोस्रो पार्टी दरिएको छ । लोसपाले भने विन्दवासीनी गाउँपालिकामा एउटा पालिकाको मात्र नेतृत्व गर्न सफल भएको छ । यो पालिकामा भएको कामका आधारमा लोसपाले आगामी निर्वाचनमा अवस्था अझ सुदृढ बनाउनुपर्ने बढी चुनौती थपिएको छ । जिल्लाका सबै पालिकाको अवस्था र नेतृत्वकर्ता तथा निर्वाचित जनप्रतिनिधिको पछिल्लो उपस्थितिले 'को भन्दा को कम ?'कै 'पोजिसन'ले आगामी दिन जिल्ला राजनीतिको 'मियो पार्टी कुन हुने ?' भन्ने पर्सामा प्रश्न उब्जाएको छ । पालिकामा हुने कामको समग्र मूल्यांकन आगामी समय पार्टीको स्थान पनि प्रष्ट पार्ने छ । त्यसैले पर्सामा नयाँ जोश र नयाँ नेतृत्वको प्रभाव सुरुबाटै देखिन थालेको हो । शिक्षा, स्वास्थ्य, पर्यटन, खाने पानी, सरसफाइको साबिकको अवस्था सुधार्ने र देखिने राम्रा काम गरेर पुनः आफ्नो उपस्थिति दरिलो बनाउने निर्वाचनताकाको प्रतिबद्धता अब जनप्रतिनिधिले कतिको पूरा गर्छन् ? त्यो पनि उनीहरूको कामले नै मापन गर्ने छ ।

उता, बारा, रौतहटलगायत मधेस प्रदेशका सबै पालिकामा निर्वाचित नेतृत्वकर्ता तथा जनप्रतिनिधि साबिकका जनप्रतिनिधिभन्दा जनताका काममा सक्रिय देखिएको स्थानीय भनाइ छ । 'बिहानीले दिनको संकेत गर्छ' भनेझैं सुरुवाती चरणमा यो प्रदेशका जनप्रतिनिधिले देखाएको जनताका कामप्रतिको लगावले निरन्तरता पाए, अरु प्रदेशको सूचकांकको तुलनामा यो प्रदेश पनि सहजै पुग्ने स्थानीय बुद्धिजिबीको भनाइ छ । जनप्रतिनिधिले इमान्दारितासाथ कार्य सम्पादन गरिदिए, यो प्रदेश अझ अगाडि नै पुग्ने सिरहा विष्णुपुरका शैलज अधिकारीको विश्वास छ ।

उनी भन्छन्, 'जनप्रतिनिधिमात्र इमान्दार भएर काम गर्ने हो भने भौगोलिक सुगमताले सम्पन्न यो प्रदेश तुलनात्मक रूपमा अरु प्रदेशभन्दा अब्बल हुनेमा दुईमत छैन ।'

राजधानी दैनिक

## यातायत......

सिन्डिकेट प्रथाको विरुद्ध काम गर्दै आएका थियौ । त्यतिवेला कानुनी रुपमा समितिका नाममा रहेका सेन्डिकेट तोडियो भनेर कागजी रुपमा कम्पनीमा लाने रुटमा प्रतिस्पर्धा गर्न पाउने भन्ने व्यवस्था त भयो तर व्यवहारमा व्यवसायीले जनतालाई सेवा दिन्छु भन्दा पाइराखेको छैन । जनतालाई इमादारिताका सथा सेवा दिइरहेका व्यवसायीलाई मारमा पारेर रुट परमिट लिने तर सेवा नदिनेको पक्षमा मात्र यातायात कार्यलय लागेको छ । हामी त ठोकुवाका साथ भन्छौ यातायातमा सेन्डिकेट सरकारको मातहतका निकायले लगायको छ । यो भन्ने आधार के हो भने किन रुट परमिट दिदैनन् त ।

हामीले मुडखु भन्ज्याङ हुदै रत्नपार्क सम्मको रुटमा बस कुदाउछौ त्याहा यात्रु हुनकी नहुन सेवा दिइरहेका छौ । तर अन्य यातायात पनि त्यहा रुट परमिट लिएका छन् तर ति व्यवसायीले रत्नपार्कवाट बाइसधारा सम्म मात्र यात्रु हालेर बाइसधारा चोकवाट गाडी र्फकायर यात्रुलाई ओराली दिन्छन् । यस्ता यात्रुलाई दुखः दिने व्यवसायीलाई यातायात कार्यलयवाट पनि सहायोग हुन्छ । तर हामी यात्रुलाई भनेको ठाउँमा पुऱ्यायर सुविधा दिदा चै उल्टै दुखः पाउनु परेको छ ।

अर्को यातायात कार्यलयलाई हामीले मुडखु भञ्ज्याङवाट माहाराजगञ्ज चक्रपथ हुदै टिचिङ लाजिम्पाट रत्नपार्क सुनधार हुदै सोही रुट फर्कने रुटमा गाडीको कमीले यात्रुले सास्ती पाएका छन् । यात्रुहरुले बस थपेर सेवा दिन आग्रह गरेका छन् । तारकेश्वर नगरपालिकाले अनुरोध पत्र लेखेको छ । वडा कार्यलयहरुले हामीलाई अनुरोध पत्र लेखेको हुनाले हामीले पनि आधिकारिक पत्रहरु आएपछि र यात्रुहरुको चाप देखेर बस थप गर्न र यात्रुहरुलाई सेवा दिन रुट परमिटको लागि यातायात व्यववस्था कार्यलय एकान्तकुनामा इजाजत मागेको छौ तर हाम्रो सुनुवाई भएको छैन । त्यही रुटमा ५ मोडेलका गडी कुदीरहेका छन् हाम्रो गाडीहरु ८ मोडेल, १० मोडेलका १२ मोडेलका छन् सम्माननीय राष्ट्रपतिको नाम जोडेर एकान्तकुनाका प्रमुखले रोकिराख्नु भएको छ । हाम्रो गाडीलाई मात्र उहाले इजाजत नदिनु भएको हो उनले मोडेल ५का गाडीलाई इजाजत दिनु हाम्रा ८ मोडेल, १० मोडेलका गाडीलाई इजाजत नदिनु भनेको विभेद गर्नु हो" भनेर हामीसँग भनेका छन् ।

यस बिषयमा हामीले सिसडोलवाट काठमाडौ उपत्यकामा काम गर्न आउने भीम बहादुर तामाङ लगायत केही यात्रुहरुको समस्याको वारेमा पनि हामीले स्थलगत रिपोर्टमा समेटेका छौ । उनिहरुले बस थोरै भएको कारण सास्ती व्यहोर्नु परेका गुनासो गरेका थिय । भनेको वेलामा गाडी नापाइने बालाजु बाइसधारा यातायात चै त्याहा जने गरेको तर अन्य चै त्याहा गाडीहरु नै नपुग्ने उत्तर दिएका थिए ।

उता यातायात कार्यलय तिनकुनेका पोखेलको भनाई यस्तो आयो काठमाडौ महानगरपालिका, सम्बन्धित नगरपालिका व्यवसायी स्थानीय, ट्राफिक प्रहरी सम्बन्धित निकायको छलफलमा बसेर केही समस्याहरु भएका ठाउमा समस्याहरुलाई कसरी सावधान गर्न सकिन्छ भन्नेमा हामी जान्छौ भनेका छन् । अहिले यातायात कार्यलय तिनकुने र बालाजु बाइसधारा यातायात प्रा.लि. व्यवसायी कार्यलय बीचमा रहेको दुरी चाडै नै समस्याको सावधान निकाल्न सम्बन्धित निकायको ध्यान पुगोस् ।

## चार....

उपकुलपति डा. जगमान गुरुङले अहिले नारी जागरणको युग आएको र छोराहरूले गर्नुपर्ने काम छोरीबाट हुन थालेको बताए ।

उनले भने, मन्दिराको आर्थिक हैसियत जेजस्तो भए पनि ठूलो काम गरेकी छिन् । उनको आचरण र स्वाभिमान अतुलनीय देखिएको छ ।

वरिष्ठ कथाकार तथा आख्यान विभाग प्रमुख प्राज्ञ माया ठकुरीले मन्दिरा मधुश्री लेखनका साथै जन्म दिने आमा बाबुको नाममा पुरस्कार स्थापना गरेर धेरै राम्रो कार्यको थालनी गरेको बताइन् ।

सो कार्यक्रममा कवि तथा गीतकार एस्पी कोइरालाले सभालाई सम्बोधन गरेका थिए भने कृष्णमोहन कोइरालाले स्वागत मन्तव्य राखेका थिए ।

तुलसीहरि कोइरालाद्वारा सञ्चालित उक्त कार्यक्रममा साहित्यकारहरू हिरण्यकुमारी पाठक, लव गाउँले, पवन आलोक, दिव्य गिरी, रवि प्राञ्जल, निशा केसी, शान्ति शर्मा, बाबा न्यौपाने, गोविन्द मानसिंह

कार्की, कुमार कोइराला, मुरारि सिग्देल, श्रीओम श्रेष्ठ रोदन, प्रकाश घायल, जय छाङ्छा राई, विनोद नेपाल, रेणुका भट्टराई, शान्ति सापकोटा, प्रभा बराल, शर्मिला खड्का, श्याम प्रधान, मञ्जु पौडेल, लीलाराज दाहाल, चिराग चैतन्य गोकुल अधिकारीलगायत अन्य अतिथिहरूको उपस्थिति थियो ।

# आइएमई पे क्यासब्याक अफर सार्वजनिक

आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे' ले यहि जेठ २५ गते देखि नयाँ क्यासव्याक अफर सार्वजनिक गरेको छ । प्रिमियम तिरौं क्यासब्याक पाऔ नामक अफर मार्फत प्रयोगकर्ताहरुले आइएमई पे मार्फत ज्योति लाइफ इन्स्योरन्सको प्रिमियम तोकिएको मिति मात्र नभइ प्रिमियम तोकिएको मिति सकिएको ७ दिन भित्र भुक्तानी गर्दा रु. १००० सम्मको क्यासब्याक पाउनेछन् र अफर अवधिभर हरेक महिना एक भाग्यशाली विजेताले स्मार्ट घडी जित्न सक्नुहुनेछ ।

आइएमई पेको बारेमा:

नेपालको पहिलो भुक्तानी सेवा प्रदायक आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा




प्रवर्द्धित आइएमई पे मोबाईल वालेट एप एक विद्युतीय भुक्तानी सेवा प्रदायक हो । आइएमई पे आइएमई ग्रुपको डिजिटल वित्तिय सेवा प्रदायक अन्तर्गतको एक उत्पादन हो । नेपाल राष्ट्र बैंकको भुक्तानी तथा फर्छ्यौट्ट विनियमावली-२०७२ बमोजिम आइएमई डिजिटलले दुरसञ्चार सञ्जालको माध्यमबाट मोबाईल वालेट सेवा प्रदान गर्ने पहिलो कम्पनी हो ।

आइएमई पे मोबाईल वालेटमार्फत सेवाग्राही आफैले अथवा एजेन्टहरुकोमार्फत विभिन्न किसिमको भुक्तानी कार्यहरु गर्न सक्नेछन। यसले व्यक्ति-व्यक्ति बीचमा हुने सामान्य रकम ट्रान्स्फर गर्ने सुबिधा देखि लिएर विभिन्न अनलाइन तथा स्थलगत स्टोरहरुमा त्तच स्कान गरी भुक्तान गर्ने, मोबाईल रिचार्ज गर्ने, र विभिन्न घरायसि तथा कार्यालयका बिलहरु भुक्तान गर्न मिल्ने सेवा प्रदान गर्दै आइरहेको छ। यस मोबाईल वालेटमा ब्याज तथा विभिन्न क्यासब्याकहरुको पनि सुबिधा उपलब्ध छ । आइएमई डिजिटल सोलुसन लिमिटेडले बैंकको सुबिधाबाट वञ्चित नेपाली तथा न्यून बैंकिङ सुबिधा प्राप्त सम्पूर्ण सर्वसाधारण जनतालाई वित्तिय सेवाहरुको पहुँच उपलब्ध गराएर नेपालको वित्तिय समावेशीकरणमा योग्दान पुर्‍याउने लक्ष्य लिएको छ। २० लाखभन्दा बढि ग्राहकहरुलाई सिधै मोबाईल वालेट एप तथा एजेन्टहरु मार्फत आइएमई पेले विद्युतीय भुक्तानी सेवा प्रदान गर्न सफल छ ।

# दश वटा जीवित कछुवाको बच्चा सहित दुई जना पक्राउ

काठमाडौं । काठमाडौं महानगरपालिका-३२ कोटेश्रुवरबाट १० वटा जीवित वन्यजन्तु कछुवाको बच्चा (आखेटोपहार) सहित २ जनालाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कीर्तिपुर नगरपालिका-१ घर भएका २५ वर्षीय राज देउला र २० वर्षीय राहुल देउला रहेका छन् । कोटेश्वरस्थित पोर्टोबेल्लो क्याफे हाउसमा शंकाष्पद रुपमा बसिरहेका उनीहरूलाई प्रहरीले जाँच गर्ने क्रममा झोलामा राखेको अवस्थामा उक्त कछुवाको बच्चाहरू सहित फेला पारी पक्राउ गरेको हो । साथै उनीहरूले प्रयोग गरेको बा.९९ प ४९४४ नम्बरको मोटरसाइकल र ३ थान मोबाइल समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# अन्तराष्ट्रिय समाचार

## युक्रेनमा दैनिक २०० सैनिकको मृत्यु

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीका एक वरिष्ठ सहयोगीले दैनिक २०० को हाराहारीमा आफ्ना सैनिक मरिरहेको बताएका छन्। जेलेन्स्कीका वरिष्ठ सहयोगी मिखायलो पोदोलियाकले रुसी सेनाविरुद्ध अग्रपंक्तिमा लडिर हेकामध्ये दैनिक १०० देखि २०० सैनिक मरिरहेको दाबी गरेका हुन् । यसअघि युक्रेनी रक्षामन्त्रीले दैनिक झण्डै १०० सैनिक मरिरहेको र ५०० सयभन्दा बढी घाइते भइरहेको बताएका थिए। पोदोलियाकले युक्रेनको पूर्वी डोनबास क्षेत्रमा युद्ध जारी रहेको र रुसको सामना गरिरहन सयौं पश्चिमी मिसाइलको आवश्यकता पर्ने बताए । जेलेन्स्कीका सहयोग पोदोलियाकले रुसले परमाणु बमबाहेक सबैजसो शक्तिशाली हतियार प्रयोग गरिरहेको भन्दै ती हतियारको सामना गर्न युक्रेनलाई पश्चिमा देशले ठूलो क्षमताका हतियार दिनुपर्ने बताए। बीबीसीसँगको कुराकानीमा उनले किभ मस्कोसँग फेरि शान्तिवार्ताका लागि तयार नरहेको बताए । पोदोलियाकले रुसी सेना फिर्ता नभएसम्म शान्ति वार्ताको कुनै औचित्य नहुने भन्दै अब वार्ताका लागि आफूहरूको कुनै पहल नरहने उनको भनाइ छ । डोनबास क्षेत्रमा युक्रेनी सैनिकले लगातार रुसी मिसाइल र रकेटको सामना गरिरहेको छ ।

## लेबनानको अपिल, सिरियाली शरणार्थी चाँडो फिर्ता लैजाऊ

सिरियाली शरणार्थीको फिर्ताका लागि लेबनानले विश्व समुदायसँग पुनः अपिल गरेको छ । लेबनानी श्रममन्त्री मुस्तफा बायरामले देशभित्र रहेका सिरियाली शरणार्थीहरूलाई उनीहरूको मातृभूमिमा छिटो र सुरक्षित फिर्ता गर्न अन्तर्राष्ट्रिय सहयोगका लागि अपिल गरेका हुन् । शरणार्थीको संख्याको बोझले लेबनानमा उच्च बेरोजगारी र अपराध दर बढेको बायरामको भनाइलाई उद्धृत गर्दै नेसनल न्यूज एजेन्सी (एनएनए)ले जनाएको छ । अब सिरियाली शरणार्थीलाई शरण दिएर थप बोझ बोक्न नसक्ने लेबनानको बताएको छ। करिब १५ लाख सिरियाली शरणार्थी लेबनानमा रहेको सरकार को अनुमान छ ।

## पाकिस्तानले ल्यायो नब्बे खर्ब ५० अर्बको बजेट

इस्लामावाद । देशको दिगो एवम् समावेशी आर्थिक विकासका योजनालाई केन्द्रमा राखेर पाकिस्तानले आगामी वर्षका निम्ति रू ९० खर्ब ५० अर्बको बजेट सार्वजनिक गरेको छ । वित्तीय चुनौती बढेको वर्तमान अवस्थामा सन्तुलित एवम् जनता केन्द्रित बजेट ल्याइएको अधिकारीहरूले बताएका छन् । शुक्रबार सङ्घीय अर्थमन्त्री मिफता इस्माइलले संसद्को तल्लो सदनमा बजेट प्रस्तुत गर्दै त्यसले देशको दिगो आर्थिक विकासलाई केन्द्रमा राखेको र आगामी वर्ष पाँच प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको बताए । कुल रू नौ खर्ब ५० अर्बको बजेजमध्ये कर्जा प्रवाहका लागि रू तीन अर्ब ९५ करोड कर्जा प्रवाह र रू आठ खर्ब सार्वजनिक क्षेत्र विकास कार्यक्रमका निम्ति विनियोजन गरिएको जानकारी दिँदै अर्थमन्त्री इस्माइलले रक्षा खर्चका लागि रू १.५२३ खर्ब छुट्याइएको बताए । बजेटमा गरिब जनताको हितमा लक्ष्यित अनुदानका लागि रू छ खर्ब ९९ अर्ब र विपन्न वर्गको उत्थानका लागि सञ्चालन गरिने अन्य कार्यक्रमका निम्ति रू एक अर्ब ४२ करोड अनुदान प्रस्ताव गरिएको छ । त्यसैगरी बजेटमा सङ्घीय राजस्व रू सात खर्ब र गैर राजस्व रू दुई खर्ब हुने अनुमान गरिएको छ । बजेटलाई सन्तुलित, प्रगतिशील एवम् जनहितकारीको संज्ञा दिँदै प्रधानमन्त्री सहेबाज सरिफले आर्थिक जोखिमका प्रभाव घटाउन र जनताका समस्या कम गर्न आफ्नो सर कारले कठोर निर्णय लिँदै चुनौतीहरूबाट बाहिर निस्कने बताएका छन् ।

## इटालीमा पुनः बढ्यो कोभिड संक्रमण दर

इटालीको कोरोनाभाइरस सङ्क्रमण दर फेरि बढेको छ । सरकारी मुख्य स्वास्थ्य अनुसन्धान संस्थानले शुक्रबार जारी गरेको तथ्याङ्क अनुसार, ट्रान्समिशन दर अझै घटिरहेको छ । इटालीको नेसनल इन्स्टिच्युट अफ हेल्थले (आइएसएस) शुक्रबार दिएको विवरणअनुसार बिहीबार एक हप्ताको अवधिमा हप्तौंपछि पहिलो पटक सङ्क्रमण हुनेहरूको सङ्ख्या बढेर प्रति एक लाख बासिन्दाहरूमा २२२ जनामा सङ्क्रमण देखिएको छ । यो वृद्धि अघिल्लो हप्ताभन्दा १५ व्यक्तिले बढी हो । शुक्रबारसम्म इटालीमा कोभिड(१९ का छ लाख २० हजारभन्दा बढी सक्रिय सङ्क्रमित थिए । यो २८ डिसेम्बर २०२१ देखिको सबैभन्दा कम संख्या हो । महामारीको चरम अवस्थामा इटलीमा करिब २८ लाख सक्रिय सङ्क्रमित रहेका थिए । इटली कोभिडका कारण सुरूमा बढी प्रभावित यूरोपेली मुलुकमध्ये एक हो । शुक्रबार इटलीमा करिब २१ हजार ५०० नयाँ संक्रमणहरू भए र यो अघिल्लो दिनको तुलनामा २०० भन्दा कम हो । यसैबीच, अघिल्लो २४ घण्टामा ५२ जना नयाँ कोभिड सङ्क्रमित व्यक्तिको मृत्यु भएको पनि सरकारी विवरणमा उल्लेख छ । सिन्ह्वा

## सिरियाको दमस्कस्थित अन्तर्राष्ट्रिय विमानस्थल ध्वस्त

इजरायली सेनाले गरेको मिसाइल आक्रमणमा सिरियाको राजधानी दमस्कसस्थित अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा ध्वस्त भएको छ ।

अन्तर्राष्ट्रिय विमानस्थलाई लक्षित गरि गरिएको रकेट आक्रमणमा धावनमार्ग लगायत अन्य संरचनाहरु ध्वस्त भएपछि हवाइ सेवा अवरुद्ध बनेको छ । सिरियाली यातायात मन्त्रालयले एक विज्ञप्ती जारी गरी दमस्कसको विमानस्थल पुर्ण रुपमा ध्वस्त भएकाले अर्को सूचना जारी नभएसम्म हवाइ उडान नहुने जनाएको हो । जसका कारण सयौं यात्रु अलपत्र परेका छन् । सिरियामा सन् २०११ बाट शुरु भएको युद्धकाबीच इजरायलले सिरियाली सेनामाथिको हवाई आक्रमण जारी राखेको छ । सिरियामा जारी संघर्षका बीच हजारौंको मृत्यु हुँदा लाखौं मानिस विस्थापित भइसकेका छन् ।

## सोनिया गान्धी अस्पताल भर्ना

भारतीय कांग्रेस पार्टीकी अध्यक्ष सोनिया गान्धीलाई अस्पताल भर्ना गरिएको छ ।

उनलाई कोरोनाको समस्या देखिएपछि आइतबार दिल्लीको गंगाराम अस्पताल भर्ना गरिएको पार्टी प्रवक्ता रणदिप सुरजेवालाले सामाजिक सञ्जाल मार्फत जानकारी दिएका छन् ।

सोनिया गान्धीको स्वास्थ्य अवस्था स्थिर रहेको बताइएको छ ।

रणदिपले सामाजिक सञ्जाल ट्वीटर मार्फत भनेका छन्, 'हामि सबै कांग्रेस कार्यकर्ता र शुभचिन्तकहरूलाई उहाँलाइ दिनुभएको शुभकामनाका लागि धन्यबाद दिन्छौं ।'

# चौथो अनेसास च्याप्टर सम्मेलन सम्पन्न दश च्याप्टर उत्कृष्ट घोषित

बोस्टन, अमेरिका

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले शनिबार र आइतबार चौथो च्याप्टर सम्मेलनको आयोजना गरेको छ । अनेसासले आफ्ना च्याप्टर र केन्द्र बिच सुमधुर सम्बन्ध बनाएर नेपाली भाषा र साहित्यको विश्वव्यापी बिस्तारका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने अभियानलाई योजना बनाएर कार्य गर्न यस किसिमको सम्मेलन गर्ने गरेको छ ।




प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलको प्रमुख आतिथ्यमा सम्पन्न सो सम्मेलनको विभिन्न सत्रमा प्रमुख अतिथिका साथमा अनेसास अध्यक्ष प्रकाश पौडेल माइला , बिओटी सभापति गीता खत्री, संस्थापक अध्यक्ष होमनाथ सुवेदी, पूर्व अध्यक्षद्वय पदम विश्वकर्मा र मोहन सिटौला , बीओटी सल्लाहकार रोहिणी शर्मा, साहित्यकार गोविन्दसिंह रावत, दिनार श्रेष्ठ, अनेसासका वरिष्ठ उपाध्यक्ष गोवर्द्धन पूजा, उपाध्यक्ष सुनिल संगम, राजेन्द्र श्रेष्ठ, महासचिव सर्वज्ञ वाग्ले, सचिव विमला निरौला, कोषाध्यक्ष कृष्ण गिरी, सदस्यहरू दीप पाठक, निजानन्द मल्ल, डा. रेणुका सोलु, प्रमोद सारंग, महेश्वर शर्मालगायतले मन्तव्य राख्नुका साथै सहभागिता जनाए ।

कार्यक्रममा बिओटी कोषाध्यक्ष राम लामा अविनाशी, बिओटी सदस्य तीर्थराज अधिकारी, महिला समिति संयोजक उर्मिला निर्दोषी,दर्पणमा प्रधान सम्पादक लालगोपाल सुवेदी, अनेसास बोस्टन च्याप्टर अध्यक्ष दीपा राई पुन, मदनराज थापालगायतले मन्तव्य राखे ।

अनेसासका च्याप्टर अध्यक्ष तथा प्रतिनिधिहरू र आजीवन सदस्यहरूको उल्लेख्य सहभागीता रहेको उक्त कार्यक्रममा अस्ट्रेलिया, युरोप, एसिया, अफ्रिका र उत्तर अमेरिका महादेशका सयभन्दा बढि प्रतिनिधिहरूको प्रतिनिधित्व रहेको थियो ।

कार्यक्रममा बिओटी उपाध्यक्ष पुरु सुवेदी, डा. केशव शर्मा, हरिमाया अधिकारी, राजु सिटौला, कमला न्यौपाने, राजन महर्जन, डन कार्की, रविन शर्मा, सरिता अर्याल, ईश्वर बगाले, किरण अधिकारी, तारा उप्रेती, ललिता जोशी क्षेत्री, निर्मला राई, मणि पौडेल, डा. प्रकाश पौडेल, लतिका जोशी, सन्ध्या पहाडी, रविन्द्रभक्त श्रेष्ठ, रजनी श्रेष्ठ, रितादेवी प्रधान,गणेश खड्का, लक्ष्मण न्यौपाने, दिल्ली अमाई, ईश्वरी भट्ट, बन्धु पोखरेल, दिव्य गिरी, मुक्ति बराल, सुरेन उप्रेती, धन लामा, महेश पौडेल, अग्नि पराजुली, प्रभा पोखरेल, निराजन वाग्ले, प्रा. गोपी उप्रेती, बिनोद अधिकारी,अरूण पौडेल, रश्मी रिमाल, कविन्द्र सिटौला, गोमा रेग्मी, प्रकाश पाण्डे, सुनिता बराल, ऋषि बराल, कल्याण पन्त, डा. अमरबहादुर कार्की, रेवती अधिकारी, तिलक कार्की, ईश्वरी गौतम, कोपिला अधिकारी, भगवती पौडेल, मोहराज शर्मा, शारदा पौडेल नीशा, गिरिजा गैरे,सवी श्रेष्ठ, स्पन्दन विनोद, नीलकण्ठ सुवेदीलगायतले जूममा सहभागीता जनाएर कसैले च्याप्टरको प्रगति विवरण, कसैले कविता वाचन र कसैले मन्तव्य प्रस्तुत गरेका थिए ।

कार्यक्रममा राम लामा अविनाशी, दीपा राई पुन, रवीन्द्रभक्त श्रेष्ठ र तारा अधिकारीको कविता कृति सार्वजनिक गरिएको थियो भने अनेसासका दशवटा च्याप्टरलाई उत्कृष्ठ च्याप्टर घोषणा गरिएको थियो । यसरी उत्कृष्ठमा पर्नेहरूमा - न्यूह्यामसार , न्यूयोर्क, नेपाल, कोलोराडो, कोरिया, क्यान्सास, सिलगुढी, जापान, पोर्चुगल र फ्लोरिडा च्याप्टर रहेका छन् । कार्यक्रमा कवि गोष्ठी र बन्द सेसन गरेर सम्मेलनको घोषणा-पत्र जारी गरिएको थियो । दुवै दिनको कार्यक्रमको प्रमुख अतिथि प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल र सभापति प्रकाश पौडेल माइला थिए ।

# सम्भिइए विनय रावल

**प्रकाश घायल**

काठमाडौं । भूगोल साहित्य समाजले स्वर्गीय कवि विनय रावलको १८औं स्मृति दिवसका अवसरमा एक कार्यक्रमको आयोजना गरेको छ । जेठ




२५ गते आयोजित 'बहुमुखी विनय' नामक परिचर्चा कार्यक्रमका वक्ताहरूले विनयको जीवनका विभिन्न पाटाका बारेमा चर्चा गर्नु भएको थियो ।

कवि, साहित्यिक पत्रकार, स्तम्भकार एवम् जागिरे समेत रहेका रावलको साझा प्रकाशनको सञ्चालकको हैसियतमा पूर्वोत्तर भारतका नेपाली भाषी बहुल क्षेत्रको भ्रमणका क्रममा २०६२ साल जेठ २५ गते खर्साङमा ट्याक्सी दुर्घटनामा परी निधन भएको थियो ।

झण्डै तीनघन्टा चलेको कार्यक्रममा वक्ताहरूले विनय दृढ निश्चयी,जुझारु एवम् साहसी तथा वैचारिक रूपमा स्पष्ट व्यक्ति भएको भन्दै उनले एकातिर जागिर,अर्कोतिर पत्रकारिता र अर्कोतिर साहित्य बिच अनौठो तालमेल मिलाउँदै आफूलाई सबैतिर अब्बल सावित गर्न सफल रहेको बताएका थिए । कार्यक्रममा विनयको लेखन प्रवृत्तिका साथै लोकतान्त्रिक आन्दोलनमा उनको भूमिका बारे चर्चा गरिएको थियो ।

वक्ताहरूले विनयका कविता विनय जस्तै जोसिला र सशक्त भएको धारणा राखेका थिए ।

सो दुर्घटनामा परी घाइते भई लामो समयको उपचार पश्चात निको भएका कवि राजेन्द्र पराजुलीले सो दुर्घटनाको विवरण सुनाउँदा सभास्थल स्तब्ध भएको थियो । कार्यक्रममा दुर्घटनाका अर्का घाइते विश्व मोहन श्रेष्ठले भावुक हुँदै मार्मिक कविता सुनाउनु भएको थियो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति डा.विष्णु विभु घिमिरे प्रमुख अतिथि तथा वरिष्ठ साहित्यकार डा.तुलसी भट्टराई विशिष्ट अतिथि रहेको कार्यक्रममा अनेसास नेपाल च्याप्टर अध्यक्ष सन्ध्या पहाडी, डा.कुमार प्रसाद कोइराला वरिष्ठ साहित्यकारहरू ध्रुब मधिकर्मी, किशोर पहाडी, गोविन्द गिरी प्रेरणा,कृशु क्षेत्री,लगायत अतिथिका रूपमा सहभागी हुनुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि,विशिष्ट अतिथि र सम्पूर्ण अतिथिहरूका साथै विनयको गृहनगर बिरगञ्जका कवि गोपाल अश्क तथा सहकर्मी मित्रलाल पञ्जानीले विनयसँगको सम्बन्ध उनका आनिबानी, स्वभाव र कार्यशैलीबारे आफ्ना धारणा राख्नु भएको थियो ।

लेखक तथा साहित्यकार देवीचन्द्र श्रेष्ठ, कणाद महर्षि,नवराज पुडासैनी, सानुराजा अञ्जान,ममता मृदुल, प्रकाश घायल लगायतको उपस्थिति रहेको कार्यक्रममा समाजका पदाधिकारी, आजीवन र मानार्थ सदस्यहरूका साथै साहित्यिक पत्रकारद्वय राजेश खनाल र आश्विनी कोइरालाको पनि उपस्थिति थियो ।

सभाको सभापतित्व समाजका अध्यक्ष विनोद नेपालले गर्नुभएको थियो भने आगन्तुक अतिथिहरूको स्वागत सचिव शैलेन्द्रकुमार शाहले र कार्यक्रमको सञ्चालन समाजका उपाध्यक्ष दिनेश विक्रम थापाले गर्नुभएको थियो ।

बक्ताहरूले 'भूगोल'ले विनयको स्मृतिमा आयोजना गरेको कार्यक्रमको प्रशंसा पनि गरेका थिए ।

स्मरणीय छ, भूगोल साहित्य समाज राष्ट्रिय वाणिज्य बैंकबाट निवृत्त लेखक, साहित्यकार एवम् साहित्यानुरागीहरू सम्मिलित संस्था हो र विनय रावल २०३६ सालदेखि सोही बैंकमा कार्यरत थिए । कार्यक्रम दरबारमार्ग स्थित सोही बैंकको सभाहलमा आयोजना भएको थियो ।

# चार साहित्यिक स्रष्टाहरूहरूलाई सम्मान

डम्बर कुमारी-गणेश कोइराला प्रतिष्ठानले आख्यानको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने चार साहित्यिक स्रष्टाहरूहरूलाई सम्मान गरेको छ । नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङको प्रमुख आतिथ्यमा नेपाल सांस्कृतिक संस्थान, राष्ट्रिय नाचघरमा आयोजित सो कार्यक्रममा गीता केशरी, परशु प्रधान, डा. बेन्जु शर्मा, डा. ध्रुवचन्द्र गौतमलाई सो पुरस्कार प्रदान गरिएको थियो । कोरोनाका कारण स्थगित भएको सो पुरस्कार २०७६ को गीता केशरीलाई, २०७७ को परशु प्रधानलाई, २०७८ को डा. बेन्जु शर्मालाई र २०७९ को डा. ध्रुवचन्द्र गौतमलाई प्रदान गरिएको हो । कार्यक्रममा प्रतिष्ठानकी अध्यक्ष मन्दिरा मधुश्रीका माता-पिता डम्बरकुमारी र गणेश कोइरालाको ६८औं विवाह उत्सवको उपलक्ष्यमा स्वयम्वर शैलीमा उहाँहरू दुवैले एक अर्कालाई दूबोको माला, सिन्दूरपोते लाउने र औंठी साटासाट गर्ने कार्य भएको थियो भने दोस्रो चरणमा पुरस्कार तथा प्रमाणपत्र हस्तान्तरण गरिएको थियो । पुरस्कृत स्रष्टा डा. ध्रुवचन्द्र गौतमले पुरस्कार दिने व्यक्ति र संस्था चोखो रहेको सहर्ष स्वीकार्दै रुद्राक्षको माला भए पनि पुग्ने बताए । उनले भने, पुरस्कार दिनेको नियत र स्रोतमा भने विचार गनुपर्छ । अर्का सम्मानित साहित्यकार डा. वेञ्जु शर्माले फरक शैलीको यो कार्यक्रममा सम्मानित र पुरस्कृत हुन पाएकोमा खुसी लागेको बताइन् । उनले भनिन- डम्बरकुमारी-गणेश कोइरालाको विवाह उत्सवसहित पुरस्कार कार्यक्रम अहिलेसम्म देखेका कार्यक्रमभन्दा नौलो भएको र बेहुला बेहुलीको झल्को दिने यो कार्यक्रम फरक खालको र अनुकरणीय छ । प्रज्ञा प्रतिष्ठानका बाँकी ६ पृष्ठमा

# "सामाजिक संजाल" डकुमेन्ट्रीले तामाङ चलचित्रको मर्म बुझ्न सक्छ ?

काठमाडौं । जेठ २८ गते शनिबार नेपाल चलचित्र विकास वोर्डको हलमा "सेमरी छोरङान" पदकबाट तामाङ चलचित्र क्षेत्रमा र तामाङ समुदायको भाषा साहित्य र कला क्षेत्रमा योगदान पुऱ्याएका एक दर्जन भन्दा बढीलाई सम्मान गरी "सामाजिक संजाल" नामक डकुमेन्ट्री प्रदर्शन गरि नेपाल तामाङ चलचित्र संघले १४ औं वर्षिक उत्सव मनाउन सफल भएको छ ।

दिनको १२ बजेबाट कार्यक्रम शुरु हुने भनिएता पनि दिउँसो दुई बजेबाट कार्यक्रम शुरु भएको थियो । "सामाजिक संजाल" डकुमेन्ट्री प्रदर्शन हुनुभन्दा अगाडी तामाङ साहित्या, भाषा र तामाङ चलचित्रको प्रवर्द्धनमा योगदान पुऱ्याएको नेपाल टेलिभिजनको महा प्रवन्धक निर्देशक फूलमान बललाई "सेमरी छोरङान" पदकबाट सम्मान गरेको थियो । यसै गरी जगतमान दोङले रेडियोको माध्यमबाट योगदान पुऱ्याए बापत सम्मान गरेको थियो ।

गीत संगीतको क्षेत्रमा योगदान पुऱ्याएको चन्द्र कुमार दोङ र चन्द्र कुमार मोक्तानलाई पनि उक्त पदकबाट सम्मान गरिएका थिए भने पहिलो तामाङ महिला चलचित्र निर्देशकको रुपमा सुकुमाया लामालाई सम्मान प्रदान गरिएको थियो भने दोस्रो नयिकाकोरुपमा चाँदनी मोक्तान, रोश्नी लामा ब्लोन, लत्ता योञ्जन, लगाएतका व्यक्तिहरुलाई सम्मान गरिएको थियो ।



तामाङ चलचित्र क्षेत्रमा महानायकको उपाधी पाएका अमिर दोङलाई धेरै तामाङ चलचित्रको निर्देशन गर्न सफल निर्देशककोरुपमा सेमरी छोरङान पदकबाट सम्मान गरिएको छ ।

नेपाल तामाङ चलचित्र संघको १४ औं वार्षिक उत्सवको उपलक्षयमा काभ्रेको रोशी गाउँपालिकासँग सहकार्य गरी निर्माण गरिएको "सामाजिक संजाल" डकुमेन्ट्रीको प्रदर्शन गरिएको थियो ।

तामाङ भाषाको सस्कृति, रीति रिवाज, सस्कार र इतिहासको संरक्षण र प्रवर्द्धन गर्नका लागि तामाङ चलचित्रको क्षेत्रलाई वृहतरुपमा बृद्धि गर्ने उदेश्यका साथ १४ वर्ष अगाडी स्थापना भएको नेपाल तामाङ चलचित्र संघको स्थापना दिवसको अवसरमा प्रदर्शन गरिएको डकुमेन्ट्रीलाई सबैले नजिकबाट नियाल्ने कोशिस गरेको थियो या थिएन । खासै सामाजिक संजालमा टिकाटिप्पणीहरु सुन्न पाइन । नेपाल तामाङ चलचित्र संघको स्थापना दिवसमा प्रदर्शन गरिएको डकुमेन्ट्रीले तामाङ समुदायलाई केहि न केहि सन्देश दिनुपर्छ भन्ने मान्यता यो पङ्तिकारको पनि हो ।

कार्यक्रममा संघको पूर्व अध्यक्षहरु र संघ प्रति आस्था राख्ने व्यक्तिहरुले संघले गर्दै आएको कामकोबारेमा खुलेर प्रसंशा गरेका थिए भने संघको उदेश्यकोबारेमा सबैलाई छर्लङ पारेका थिए ।

उपस्थित प्रमुख अतिथि, अतिथि र दर्शकहरुले "सामाजिक संजाल" डकुमेन्ट्रीले तामाङ चलचित्र क्षेत्रले उठान गर्न नसकेको विषय वस्तुलाई थप अध्ययन र अनुसन्धानको विषय बस्तु बनाएर प्रस्तुत हुने छन् भन्ने आशा गरेको थियो तर डकुमेन्ट्री हेरेपछि अनुमान गलत भयो कि भन्ने यो पङ्तीकारको व्यक्तिगत विचार हो ।

विषय प्रवेश:

"सामाजिक संजाल" डकुमेन्ट्रीले आधुनिक प्रविधि इन्टरनेटको माध्यमबाट समाजमा भित्रिएको विकृतिको बारेमा दृश्यबाट उजागर गर्न खोजको स्पष्ट हुन्छ । रोशीखोलाको सेरोफेरोमा बसोबास गरेका तामाङ समुदायको जीवन पद्धति र त्यस ठाउँबाट विदेशीएको एक युवकको जीवनमा घटेको घटनाबाट समाजमा भएको यथार्थ घटनालाई दृश्यबाट रोशी गाउँपालिकाले जनतालाई बुझाउन खोजिएको भन्ने सन्देशको रुपमा निर्माण गरेको भिडियो हो भन्दा फरक नपर्ला । अब यो डकुमेन्ट्रीले तामाङ चलचित्र क्षेत्रमा बर्षौसम्म योगदान दिएका निर्देशक, कलाकार, कथाकारले के सिक्ने ? यो समिक्षाको विषय भएको छ । करिब ५,७ वर्ष पहिला फूलमान बलले निर्माण गरेको "सेलफोन मा तरुनी फकाउन बौ बराजुको सम्पती ड्याङरो बेचेर मोबाइल किनिन्छ । त्यस्तै यो डकुमेन्ट्रीमा छोरीको ईच्छा पुरा गर्न भैसी बेचेर सेकेन्ड हेन्ड मोबाइल किनिदिन्छन् । प्रसंगमात्रै फरक हो सन्दर्भ एउटै छ । सेलफोनमा साँस्कृतिकरुपमा महत्व बोकेको बौ बाजेको पुरानो सामाग्री ड्याङग्रो बेचिदिन्छ यसमा सामान्य तय गाउँघरमा सबैले पालिने भैसी बेचिन्छ ।

नेपाल तामाङ चलचित्र संघको अध्यक्ष कुमार मोक्तानले समाजिक संजालको दुरुपायोगबाट चलचित्र कर्मीहरु समस्यामा परेको दाबी गर्दै आइरहेका छन् । चलचित्र संघको अध्यक्ष तथा सामाजिक संजाल डकुमेन्ट्रीको निर्देशक कुमार मोक्तानले टिकटक र सामाजिक संजालले ल्याएको विकृतिलाई उठान गर्न सकेको छ त ? उहाँले समस्याको उठान त गरियो तर समाधन निकालेन । सँगै पढ्ने दुई जना विद्यार्थीलाई तुलना गरेर सामाजिक संजाल चलचित्रले सकरात्मक सन्देश दिन खोजिएका छन् । सामाजिक संजालको प्रयोगकै कारणले एक जना विद्यार्थीको जीवन नै बर्बाद हुन्छन् भने एक जना इनेस्पेक्टर हुन्छन् । अहिलेको समाजको चरित्रलाई उठान गरेर यो चलचित्रको समापन भएको छ तर प्रश्न उठेको छ । यस खालको डकुमेन्ट्रीहरुबाट तामाङ समुदायको भाषा, धर्म, भेषभुषा र सस्कृतिको उठान गर्न सकिन्छ ? प्रश्न नेपाल तामाङ चलचित्र संघलाई हो । सम्पुर्ण तामाङ चलचित्र निर्मातारहरुलाई हो ।

यो डकुमेन्ट्री हेरिसकेपछि रोशी गाउँपालिकाले आधुनिक प्रविधिले समाजलाई कसरी डोऱ्याइरहेको छ भन्ने सन्देश दिन खोजेको देखिन्छ तर नेपाल तामाङ चलचित्र संघसँग मेल खाने डकुमेन्ट्र हो भन्न चाहि मिल्दैन ।

अन्तमा,

यो डकुमेन्ट्रीमा अभिनय गरिएका सबै कलाकारले पात्र अनुसारको भुमिका निर्वाह गर्न सफल भएका छन् । समाजको आधुनिक दर्पन हो भन्न सकिन्छ तर तामाङ समुदायको भाषा, सस्कृति र तामाङ चलचित्र निर्माण गर्नेहरुका लागि खुराक हो भने भन्न मिल्दैन । यो डकुमेन्ट्रीलाई नेपाल तामाङ चलचित्र संघसँग जोडिएर प्रचार प्रसार गरिनुको कुनै फाइदा भने देखिदैन ।

# टाटा मोटर्सको जेन भोल्टज अब नेपाली बजारमा

काठमाडौं । प्रसिद्ध भारतीय अटोमोबाइल कम्पनी टाटा मोटर्सको नेपालस्थित आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङ्ग प्रा.लि. ले जेन भोल्टज जेनेरेटरको नेपाली बजारमा बिक्री




वितरण आरम्भ गरेको छ । भारतस्थित अन्तर्राष्ट्रियस्तरको विकास तथा अनुसन्धान केन्द्रमा ( आरएनडी सेन्टर) डिजाइन, परिक्षण र निर्माण गरिएको यो उत्पादनमा टाटा मोटरको डिजेल इन्जिन जडान गरिएको छ । विभिन्न प्रयोजनहरुको लागि अत्यन्त उपयुक्त जेनभोल्टज जेनेरेटर उच्च रुपमा टिकाउ र भरपर्दो हुनको साथै कम खर्चिलो पनि छ । २५ किलो भोल्ट देखि १२५ किलो भोल्ट क्षमतामा उपलब्ध यस जेनेरेटरमा म्यानुअल र अटोमेटिक दुवै मोडको व्यवस्था छ ।

यसले निरन्तर विद्युत प्रवाह गरी नेपालको उद्योगीकरणलाई नयाँ दिशातर्फ उन्मुख गराउन सहयोग गर्ने सिप्रदी ट्रेडिङले जानकारी गराएको छ । हामी नेपालमा जेनभोल्टज जेनेरेटरको बिक्री वितरण शुभारम्भ गर्न पाउँदा धेरै खुसी छौ । टाटा मोटर्स सदैव उच्चतम एवं नवीनतम उत्पादनहरुको मार्फत आफ्नो आफ्नो ग्राहकहरुको बदलिँदो इच्छा र आकांक्षा पूरा गर्ने तर्फ कटिबद्ध छ । टाटा मोटर्सको कमर्सिअल भेहिकल बिजनेस इकाई अन्तर्गत कस्टमर केयरका ग्लोबल प्रमुख राम कृष्ण बताउनु हुन्छ ।

टाटा मोटर्सको प्रभावकारी एवं भरपर्दो इन्जिन जडित जेनभोल्टजले नेपाली उद्योग धन्दाको अभिवृद्धिमा योगदान गर्नेछ । सिप्रदी ग्रुप दशकौंदेखि टाटाका कमर्सिअल गाडीहरुको बिक्री तथा सेवा सम्बन्धि कार्यलाई उत्कृष्ट ढंगले सम्पन्न गर्न प्रतिबद्ध छ। र यही प्रतिबद्धता यस ग्रुपले जेनभोल्टज प्रति प्रदर्शन गर्नेमा हामी विश्वस्त छौ ।

यसैगरी, सिप्रदी ट्रेडिङ्ग प्रा.लि. का प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठ भन्नुहुन्छ, आफ्नो स्थापनाकाल देखि नै सिप्रदी ट्रेडिङ्ग आफ्नो व्यापारिक पहिचानमा निरन्तर नयाँ आयाम थपी ग्राहकहरुको इच्छा र आवश्यकता हरुलाई परिपूर्ति गर्न प्रतिबद्ध छ । टाटाको जेनभोल्टजले नेपालको सामाजिक तथा आर्थिक रुपान्तरणतर्फ केन्द्रित हाम्रो प्रयासमा एक नयाँ उर्जा प्रदान गर्नेछ । हामी पूर्ण विश्वस्त छौं कि टाटाको जेनभोल्टज नेपालको पूर्वाधार एवं औद्योगिक विकासको लागि आवश्यक पावर ब्याकअप सुनिश्चित गर्ने सबैभन्दा विश्वासिलो ब्रान्ड बन्न सफल हुनेछ ।

CPCB २ सम्बन्धि उत्सर्जन मापदण्ड अन्तर्गत तयार गरिएको टाटा जेनभोल्टजले इन्धनको कम खपत गरि उत्कृष्ट कार्यक्षमता देखाउँछ ।

यसका विशेष प्रकारको इन्जिनको आयु लामो छ । यो उत्पादनमा सुरक्षित एवं टिकाउ प्रयोगको लागि अन्तर्राष्ट्रियस्तरको अल्टरनेटर र नियन्त्रण प्रणालीको विशेषता पनि छ ।

निर्माण एवं पूर्वाधार कम्पनी, होटल, साना तथा मझौला उद्योग र विद्यालयहरुलाई यो उत्पादन उपयुक्त छ ।

# नाडाको सहकार्यमा लुम्बिनीमा अटोमोवाइल्स ब्यवसायीलाई प्रशिक्षण

बुटवल । नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपालको सहयोग र सहकार्यमा लुम्बिनी अटोमोवाइल्स एशोसिएशनको आयोजनामा लुम्बिनी तथा नेपालगंज क्षेत्रका अटोमोवाइल्स व्यवसायीहरुको लागि कर, भन्सार तथा भिसिटीएस ट्रेनिङ सम्पन्न भयको छ। जेठ २७ गते शुक्रबार बुटवलको ड्रिमल्याण्ड गोल्ड रिसोर्टमा आयोजना भएको ट्रेनिङ कार्यक्रममा सदस्य र अन्य आमन्त्रित सदस्यहरु सहित १२५ जनाको सहभागितामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नाडाका अध्यक्ष ध्रुव थापाले नाडा सधैं देश भर छरिएर रहेका सदस्यहरुको




समस्या सँग जुध्न र उहाँहरुको क्षमता अभिवृद्धि गर्न लागि परेको धारणा राखेका थिए । उनले सबै क्षेत्रका व्यवसायीको ब्यवसायीक कार्यक्षमता विकास आवस्यक रहेको बताएका थिए । भैरहवा भन्सार प्रमुख ज्ञानेन्द्र ढकालले भन्सार क्षेत्रको विद्यमान व्यवस्था र ब्यवसायीहरुले भन्सारमा अपनाउनु पर्ने विषयमा प्रकाश पारेका थिए । उनले भन्सार प्रशासनलाई चुस्त बनाउन पनि व्यवसायीको भूमिका महत्वपूर्ण हुने जानकारी दिएका थिए ।

त्यसै गरी भैरहवा आन्तरिक राजश्व कार्यालयका प्रमुख मुक्ति आचार्यले राजश्व प्रशासनका विषयमा व्यवसायीलाई जानकारी दिएका थिए । उनले कति व्यवसायीले जानेर वा नजानेर पनि करमा समस्या हुने गरेको बताउँदै, यस्ता कार्यक्रमले व्यवसायीलाई जानकारी र सचेतना जगाउने बताएका थिए । राजश्व अनुसन्धानका अधिकृत होमबहादुर पाण्डेले भि सि टी एस व्यवसायीकै हकहितको लागि भएको बताउँदै, सबैलाई यसको विषयमा जानकारी रहनु पर्ने र यस्ता कार्यक्रमले सहयोग पुग्ने बताएका थिए । कर छल्ने प्रवृतिपूर्णरुमा हट्नु पर्ने विषयमा व्यवसायीलाई सचेत गराउँदै उनले भने कर छलीमा राजश्व अनुसन्धानले सून्य सहन सिलताको नीति अपनाउने धारणा राखेका थिए । कार्यक्रमको अध्यक्षता गरेका थिए लम्बिनी अटोमोवाइल्सका अध्यक्ष गणेश प्रसाद भट्टराईले नाडाको सहयोगले आफ्ना सदस्यहरुको वृत्ति विकासम ठूलो भूमिका खेलेको बताउँदै भोलिका दिनमा नाडा सँगको सहकार्यमा व्यवसायीहरुलाई अन्यकार्यक्रमहरु पनि संचालनगर्ने धारणा राखेका थिए । उक्त कार्यक्रमका प्रमुख प्रशिक्षकको रुपमा चाटडर्ड एकाउन्टेन्ट साहिल अग्रवाल रहेका थिए । कार्यक्रममा नाडा अटोमोवाइल्स एशोसिएशनअफ नेपालका निवर्तमान अध्यक्ष कृष्ण प्रसाद दुलाल, महासचिव सुरेन्द्रकुमार उप्रेती, कोषध्यक्ष मिलनबाबु मल्ल, सहकोषध्यक्ष पंकज अग्रवाल, सदस्यय मुना श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# चेरीले नेपालमा आफ्नो फ्ल्यागसिप मोडल Tiggo 8 Pro लन्च गर्दै

काठमाडौं । नेपालमा चेरी कारका लागि एकमात्र आधिकारिक वितरक एस पी जी अटोमोबाइल्स प्रालिले चेरी ब्रान्डको फ्ल्यागसिप मोडल टिग्गो प्रो (Tiggo 8 PRO) आधिकारिक रूपमा नेपाली बजारमा सार्वजनिक गरेको छ Chery Tigge & PRO & PRO मा Chery को टैक्नोलोजी समावेश छ र यो 1.6 TGDI DCT को संयोजनले भरिएको छ जुन यही क्याटागोरीको शीर्ष १० मा सूचीबद्ध गरिएका थिए। यो गाडीमा फल एलईडी लक्जरी लाइट सेटर विशेष लक्जरियस लेदर सिटहरु स्ट्यान्डर्डको रुपमा उपलब्ध छन् भने चेरी अटोमोबाइलले नयाँ पुस्तामा यस मोडललाई लक्जरियस्ली डेकोरेटिभ टेरेस्ट्रियल फ्लाइट ककपिटको रुपमा निर्माण गर्न प्रयास गरिरहेको उल्लेख छ । पावरको कुरा गर्दा, ऋजभचथ त्ष्ननय ड एच्इ ज्ञ.ट लिटर टर्बोचार्ज्ड ग्यासोलिन डिरेक्ट इन्जेक्सन ( म.टत्न्म्क्ष) इन्जिन, जसलाई सुपर पावरफुल चाइना हार्ट इन्जिन भनिन्छ, र GETRAG को ७ स्पिड डुअल (क्लच ट्रान्समिसन (7DCT) ले सुसज्जित छ । विशेष गरी,

लाई २०१९ मा चाइना हार्ट १० उत्कृष्ट इन्जिनहरू मध्ये सूचीबद्ध गरिएको छ, जसको अधिकतम पावर 145kW छ भने दृढण्ल को पिक टर्क छ । एरो इन्जिन टेक्नोलोजी र चेरी जस्ता अत्याधुनिक प्रविधिहरूको मूल्याइन गर्ने मापदण्डहरू जस्तै iHEC (स्मार्ट) कम्बस्सन सिस्टम, इन्टेलिजेन्ट स्टार्ट( स्टप (ISS) प्रकायको साथ 1=6 TGDI इन्जिन उत्कृष्ट एक्सेलेरेशन र अल्ट्रा(लो इन्धन खपत ल्याउन 1.6TGDI सँग पूर्ण रूपमा मेल खान्छ । यसले Chery Tiggo 8 PRO PRO लाई सेकेन्डमा 100 km/h को गति बढाउन क्षमता दिन्छ र इन्धन खपत 6.8L इन्जिनको लागि प्रति १०० किलोमिटर ट.डी जति कम गर्छ । Tiggo 8 Pro को लम्बाई, चौडाई र उचाई क्रमशः 4722*1860*1745 मिलिमिटर छ । Chery Tiggo 8 PRO PRO पारिवारिक शैलीमा नयाँ पुस्ताको पिक ग्रिल डिजाइन अवधारणामा आधारित छ । यसमा भएको इन्टिग्रेटेड डाइनामिक टर्निङ सिग्नल सहितको फुल एलईडी हेडल्याम्प र म्याट्रिक्स डायमण्ड जस्तो फ्रन्ट ग्रिल डिजाइनले एक अद्वितीय, त्रि(आयामिक र हार्ड(एज्ड भिजुअल इफेक्टको प्रतिनिधित्व गर्दछ । यसका साथै टायर प्रेसर मोनिटरिङ सिस्टम, १८ इन्चको अलोय ह्विल, मेमोरी इनेबल मिरर, स्टाइलिस एलईडी ब्रेक लाइट र सिक्वेन्सियल टर्न सिग्नल सहितको एलईडी टेलल्याम्पले कलात्मक सुन्दरता र उच्च प्रविधिको साथ फ्ल्यागशिप दृश्य अनुभवलाई पुनः आकार प्रदान गर्छ । यसमा १९६ मिलिमिटरको प्रभावशाली ग्राउन्ड क्लियरेन्स छ जसले यसलाई सबै भू-भागका लागि उपयुक्त बनाउँछ ।

चेरी टिगो ८ प्रोको इन्टेरियर लक्जरियस्ली डेकोरेटिभ टेरेस्ट्रियल फ्लाइट ककपिट डिजाइनमा आधारित छ, जसमा सोनी साउन्ड सिस्टम, ब्लुटुथ कनेक्टिभिटी, क्रुज कन्ट्रोल जस्ता अत्याधुनिक प्रविधिको प्रयोग औलाको टुप्पाबाटै गर्न सकिन्छ भने इन्टेलिजेन्ट भ्वाइस कमान्ड र मल्टी फङसनल स्टेयरिङ हिवलको समेत प्रयोग गर्न सकिन्छ ।

Tiggo 8 pro मा भएको एचडी फ्लोटिङ सेन्टर एलसीडी स्क्रिनमा १९२० बाई ७२० सम्मको रिजोल्युसन छ र यसमार्फत फोनका साथसाथै इन्स्ट्रूयुमेन्ट प्यानलको प्रयोग गर्न सकिन्छ र मल्टिमिडिया, ड्राइभिङ जानकारी र अन्य फङसनको बारेमा आवश्यक जानकारी प्रदान गर्छ ।

मोबाइल फोन, एलसीडी इन्स्ट्रुमेन्ट प्यानल, हाई डेफिनेसन टचस्क्रिनका साथै कारमा भएको वायरलेस चार्जरको संयोजनले आरामदायी, प्रयोगकर्ताका लागि सहज र सुरक्षित ड्राइभिङ अनुभव प्रदान गर्छ । १२.३ इन्चको आकर्षक इन्स्ट्रुमेन्ट क्लस्टर र १०.२५ इन्चको इन्फोटेनमेन्ट सिस्टमका साथै ८ इन्चको एलसीडी एयर कन्डिसनर सिस्टम टेक्नोलोजीको संयोजनबाट ट्रिपल स्क्रिन अन्तरक्रियाको अनुभव गर्न सकिन्छ ।

प्रयोगकर्ता (अनुकूल र अति सुविधाजनक हाईटेक कन्फिगरेसन हरूको सन्दर्भमा समेत Tiggo ७ pro मा धेरै सुविधा उपलब्ध छन् । स्मार्टफोनका लागि फास्ट वायरलेस चार्जिङ, अटोमेटिक फोल्डिङ र इलेक्ट्रिक हिटिङका साथै एन्टी फंग फङसन भएका साइड मिरर जस्ता अटो उद्योगकै लिडिङ मानिने विभिन्न फिचरले सवारी धनीलाई सन्तुष्ट बनाउछ । यसमा भएको ३६० डिग्री बर्डस आई भ्यु प्यानोरामिक सुपर डेफिनेसन ब्याकअप क्यामेराले पार्किङ गर्न सहज बनाउने मात्र होइन, फुर्सदिलो तरिकाले ड्राइभिङ अनुभव प्रदान गर्न समेत सहज बनाउछ ।

यो कारमा भएका डोर ओपनिङ वार्निङ, एडेप्टिभ क्रुज कन्ट्रोल, अटोनोमस इमर्जेन्सी ब्रेकिङ वा फरवार्ड कोलिजन वार्निङ, रियर कोलिजन वार्निङ, ब्लाइन्ड स्पट डिटेक्सन, लेन डिपार्चर वार्निङका साथै विभिन्न स्थानमा भएका ६ वटा एयरब्याग लगायतका फर्स्ट इन क्लास सेफ्टी फिचर लगायतका एड्भान्स ड्राइभर असिस्टेन्स सिस्टमले कारलाई निकै नै सुरक्षित बनाएको छ । यो कार रोल्यान्ड पर्पल, कार्बन क्रिस्टल ब्ल्याक, राइन ब्लु, न्यु खाकी ह्वाइट, सेलाडन ग्रे र ज्वेल रेड गरी विभिन्न ६ कलरमा उपलब्ध हुनेछ । त्ष्ननय ड एचय एचय फ्ल्यागसिप मोडलको मूल्य रु ९९,५०,०००।०० तोकिएको छ ।

Chery Automobile Co. Ltd. को स्थापना सन् १९९७ मा भएको थियो । यो चीनमा अवस्थित विश्वव्यापी अटोमोबाइल ब्रान्ड हो । विगत २० वर्षमा, चेरीले पाँचवटा विश्वव्यापी अनुसन्धान र विकास आधारहरू मार्फत ५,५०० भन्दा बढी सदस्यहरूको अनुसन्धान र विकास टोली स्थापना गरिसकेको छ र चिनियाँ अटोमोबाइल ब्रान्डहरूमध्ये इन्जिन, ट्रान्समिसन, चेसिस र अन्य मुख्य प्रविधिहरूको सबैभन्दा शक्तिशाली अनुसन्धान र विकास क्षमता छ ।

## चट्याङबाट बचौ र बचाऔं ।

चट्याङबाट बच्न,
घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ज्याफि्टङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन)प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस